मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218



नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com


**नेतृत्व र जनप्रतिनिधिमा सुशासन कायम गर्ने इच्छाशक्ति आवश्यक**



पृष्ठ ५ मा


● वर्ष ३ ● अंक १५६ ● २०८२ साल वैशाख ०७ गते आइतबार ● Sunday 20, April 2025 ● सूर्योदय: बिहान ५:३६ बजे ● सूर्यास्त: साँझ ६:३२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-


# मधेश सरकारमा वर्षकै सर्वाधिक विवादित मन्त्री



*वर्षः २०७९ मंसिर*

*नामः सरोज यादव*

*पदः उम्मेदवार, नेकपा एमाले*

*भूगोलः महोत्तरी*

*निर्वाचन क्षेत्रः निर्वाचन क्षेत्र नम्बर ४ क*

*अवस्थाः विजयी, प्रदेश सांसद*

***लगत्तै नेकपा एमाले मधेश प्रदेश सभा संसदीय दलका नेता चयन । एमालेका २३ प्रदेश सभा सदस्यमध्ये संसदीय दलको नेताका लागि केन्द्रीय सदस्यसमेत रहेका रामचन्द्र मण्डल, हरिनारायण महतो, राजकुमार लेखी, शारदादेवी थापाको दाबी । यादवलाई जिम्मेवारी ।***

**मधेशदृष्टि**

**जनकपुरधाम ।**

मधेश प्रदेश सरकारमा मन्त्रीको अनुभव भएका, विभिन्न मन्त्रालयमा पनि मन्त्रीको अनुभव लिन पाएका, एमालेका केन्द्रीय सदस्य भइसकेका, जनताले आसा गरेका मन्त्री हुन् सरोज यादव । महोत्तरीका यादव २०७९ मंसिरमा भएको प्रदेश सभामा विजित भएपछि उनले जसपा नेपालका सरोजकुमार यादव मुख्यमन्त्री हुँदा पनि महत्वपूर्ण मन्त्रालय पाए ।

जनमतका सतिश कुमार सिंह मुख्यमन्त्री भएको वर्तमान सरकारमा पनि महत्वपूर्ण मन्त्रालय पाएका छन् । किनभने उनी मधेशमा ठूलो दल नेकपा एमालेका संसदीय दलका नेता हुन् । अहिले केन्द्रदेखि प्रदेशसम्म एमाले गठबन्धन छ । यसैले एमालेका नेता, मन्त्रीहरुको विवाद र आलोचना पनि बाहिर आउँछन् । सरोजकुमार यादव नेतृत्वको सरकारमा अर्थमन्त्री सञ्जय यादव अत्यधिक विवादित मन्त्रीको छविमा बाहिरिए । उनका पालामा अर्बौं रुपैयाँ बाँडचुड भएको विषय पछिसम्म उठिरहनेछ ।

यता, यो वर्ष चैँ मधेश सरकारमा सर्वाधिक आलोचनाका व्यक्ति भौतिक पूर्वाधार विकास मन्त्री सरोज यादव भएका छन् । योजना बाँडफाँड, कमिसन, ठेकेदारमार्फत योजना बिक्रीलगायतका विषयले प्रदेश सभा नै अवरुद्ध भयो । प्रदेश सभा सदस्यहरुले योजना र कमिसनका अडियो सार्वजनिक गरिदिन्छु भनेका छन् । छानबिन समिति गठनको माग भएको छ । फेरि पनि केही दिनअघि काठमाडौँ पुगेर मन्त्री यादवले भनेका छन्, 'योजना बेचेको छैन, कुनै प्रमाण छ र, कसले दिने ?'

उनका कारण प्रदेश सरकार बदनाम भएको, संघीयतामा वितृष्णा बढेको प्रतिपक्षी जसपा नेपालको मात्रै प्रतिक्रिया छैन, स्वयम् सत्तारुढ जनमतले समेत मन्त्री यादवको अभिव्यक्ति संघीयताविरोधीहरुलाई फाइदा पुग्ने भनेर बैठकमै विषय उठाएको छ, त्यो पनि शुक्रबार मात्रै । मन्त्री यादवका केही पहेलु हामीले संकलन गरेका छौँ । हामीले मन्त्रीलाई केही आरोप लगाएका छैनौँ, पत्रकारले डिप्रेसनमा पुर्याउने डरमा रहेका मन्त्रीकै विषयमा भएका घटनाक्रम एकठ्ठा पारेर पस्किएका मात्र हौँ ।

## एमालेका मन्त्रीहरुको राजीनामा

**– वर्षः २०७९ चैत ११**

मधेश प्रदेश सरकारबाट नेकपा एमाले बाहिरियो । मुख्यमन्त्री सरोजकुमार यादवलाई भेटेर एमालेका चारै जना मन्त्रीले राजीनामा बुझाए ।

शत्रुधन प्रसाद सिंह, गृह तथा सञ्चार, सरोजकुमार यादव भौतिक पूर्वाधार विकास, राजकुमार लेखी कानून, न्याय तथा प्रदेशसभा मामिला, मोहमद जयद आलम महिला, बालबालिका, युवा तथा खेलकुद र केशव राय गृह तथा सञ्चार राज्यमन्त्री थिए ।

एमालेले समर्थनमा २०७९ पुस २७ गते जसपा संसदीय दलका नेता सरोजकुमार यादव मुख्यमन्त्रीमा नियुक्त भएका थिए ।

एमाले पुस २९ गते सरकारमा सहभागी भएको थियो । पुस २९ गते एमालेबाट सरोज यादव मन्त्री बनेका थिए भने अन्य तीन जना माघ २० गते मन्त्री बनेका थिए ।

## फेरि मन्त्री नियुक्त

**– वर्षः २०८० चैत ५ गते**

मधेश प्रदेश सरकारमा नेकपा एमाले एउटा मन्त्रालय लिएर सरकारमा सहभागी । कांग्रेसका मन्त्रीहरू बर्खास्त भएकै दिन भौतिक पूर्वाधार विकास मन्त्रीमा एमाले संसदीय दलका नेता सरोज कुमार यादव नियुक्त ।

## 'झन्डै डिप्रेसनमा गएँ'

**– वर्षः २०८१ फागुन २० गते**

भौतिक पूर्वाधार विकासमन्त्री सरोज कुमार यादवले प्रदेशको दयनीय अवस्थामा आफैँ असन्तुष्ट रहेको बताए ।

मैथिली विकास कोषले गरेको प्रादेशिक ललितकला प्रदर्शनी २०८१मा मन्त्री यादवले प्रदेशको अवस्था नाजुक हुँदै गइरहेको बताए । भने, 'मधेशको सबैभन्दा ठूलो दलको संसदीय दलको नेता मात्रै होइन् मन्त्री भए पनि सन्तुष्ट हुने ठाउँ छैन ।' थपे, 'म केही दिन अझै यही अवस्थामा मन्त्री रहे डिप्रेसनको शिकार हुन्छु जस्तो लागिरहेको छ ।' उनले भने, 'पत्रकारहरुको मलाई फोन आउँछ, तपाईंको मन्त्रालयबाट विज्ञापन आएन निगेटिभ समाचार छापिदिन्छु भन्दै धम्काउँछन् । फेरि पत्रकारहरुबाट सबै डराउँछन् पनि । यो एउटा उदाहरण मात्रै हो यस बाहेकका अन्य धेरै कारण छन् प्रदेशको अवस्था दयनीय हुँदै जानुमा ।'

## आफ्नै भूगोलमा मन्त्रीमाथि निशाना

**– वर्षः २०८१ चैत ६**

नेकपा एमाले मधेश प्रदेशका उपनेता दीपेन्द्र ठाकुर प्रदेश सभामा वडाध्यक्षहरु खुलेआम घुस मागिरहेको आरोप लगाइरहेका बेला एमाले संसदीय दलका नेता तथा भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादव महोत्तरीमा स्थानीयको निशानामा परेका थिए । एउटा कार्यक्रममा पुगेका मन्त्री योजनाका विषयमा विवाद हुँदा माओवादी नेता कार्यकर्ताको तारो बनेपछि सुरक्षाकर्मी लगाएर हिँडेका थिए ।

## वडाध्यक्षहरुद्वारा तालाबन्दी

**– वर्षः २०८१ फागुन २२**

मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास कार्यालय महोत्तरीमा वडाध्यक्षहरूले तालाबन्दी गरेका छन् । वडाध्यक्षहरूले प्रदेश सरकारले रातो किताबमा उल्लेख गरेका योजना दलालहरू मार्फत दबाब दिँदै वडा कार्यालयमा पठाउने गरेको आरोप लगाए ।

वडाध्यक्षहरूको भनाइमा, उपभोक्ता समितिबाट नभई प्रतिस्पर्धात्मक प्रक्रियाबाट विकास निर्माणका काम गर्नुपर्ने प्रदेश सरकारको प्रतिबद्धता कार्यान्वयन हुन सकेको छैन । उनीहरूले चालु आर्थिक वर्षको बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनको १४ नम्बर बुँदामा खुल्ला एवम् प्रतिस्पर्धी खरिद प्रक्रियाको स्पष्ट व्यवस्था गरिएको भए पनि त्यसको उल्लंघन गरी उपभोक्ता समितिमार्फत योजना सञ्चालन गर्न खोजिएको आरोप लगाएका छन् । वडाध्यक्षहरूले प्रदेश सरकारले भदौ महिनाभित्र खरिद योजना स्वीकृत, असोज महिनाभित्र बोलपत्र (टेण्डर) आह्वान गर्नुपर्ने प्रावधानलाई बेवास्ता गर्दै कमिसनका लागि उपभोक्ता समितिमार्फत योजना सञ्चालन गर्न खोजेको बताए । वडाध्यक्षहरूले भौतिक पूर्वाधार विकास कार्यालय महोत्तरीका प्रमुख राजेश लाल कर्णको हस्ताक्षर रहेको पत्र दलालहरू मार्फत वडा कार्यालयमा पठाइने गरेको आरोप लगाए ।

यसबारे जिल्ला प्रशासन कार्यालय, भौतिक पूर्वाधार विकास कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलगायतमा पटक–पटक लिखित तथा मौखिक जानकारी गराए पनि कुनै कारबाही नभएको गुनासो गरिएको छ । वडाध्यक्षहरूले योजनाको नाम उल्लेख गर्दै सोझै वडा कार्यालयमा पत्र पठाउनुपर्ने माग राखेका छन् ।

पूर्वाधार विकास कार्यालय महोत्तरीका अनुसार, कार्यालयमा ४ सय २१ वटा योजना रहेका छन् । तीमध्ये आइतबारसम्म १ सय ५६ वटा योजनाको सम्झौता भइसकेको छ भने २७ वटा मात्र टेण्डर प्रक्रियामा गएका छन् । भौतिक पूर्वाधार मन्त्री यादवको कार्यशैलीका कारण मधेश प्रदेश सरकारको गठबन्धन संकटमा परेको नेपाली कांग्रेसका नेताहरू बताउँछन् । मन्त्री यादवमाथि चौतर्फी आलोचना बढेपछि नेकपा एमाले मधेश प्रदेश संसदीय दलको बैठकमा उनलाई सचेत गराइएको छ । बैठकमा सहभागी सांसदहरूले मन्त्री यादवले विज्ञापनसमेत कमिसन लिएर प्रदेश बाहिर दिएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् ।

## योजनाको चिठी मन्त्री बाँड्छन्

**वर्षः २०८१ फागुन २३ गते**

चालु आर्थिक वर्ष २०८१–८२ का लागि पूर्वाधार विकास कार्यालय बारामा जम्मा १ सय ८६ योजना छन् । तीमध्ये २३ योजना बहुवर्षीय हुन् ।

तीबाहेक मन्त्रालयले पठाएको सूचीका आधारमा ११ प्रदेश सांसदलाई डेढदेखि ४ करोडसम्मका १ सय योजनाको चिठी वितरण गरिएको पूर्वाधार कार्यालय बाराका निमित्त प्रमुख राजेन्द्र साहले बताए । उनका अनुसार बाँकी योजनाको चिठी दर्ता चलानी गरेर भौतिक पूर्वाधार विकास मन्त्रालयमा पठाइएको छ । 'मन्त्रालयबाट आएको निर्देशन अनुसार नै सय वटा योजनाको चिठी माननीयजीहरूलाई वितरण गर्यौं । बुहवर्षीय १६ वटा बाहेकका योजनाको चिठी मन्त्रालय पठायौं,' निमित प्रमुख साहले भने । यस्तै पूर्वाधार विकास कार्यालय धनुषामा जम्मा २ सय ७२ योजना छन् । जसमा ८० योजनाको चिठी प्रदेश सांसदलाई वितरण गरिएको कार्यालयका निमित प्रमुख रामकिशोर साह बताउँछन् । कार्यालय स्रोतका अनुसार बाँकी योजनाको चिठी मन्त्रालयको निर्देशन अनुसार धेरै उतै पठाइएको छ भने केही मन्त्रीको सचिवालयका कर्मचारीले बुझेका छन् । पूर्वाधार विकासमन्त्री यादवको गृह जिल्ला महोत्तरी रहेका कारण यहाँ सबैभन्दा बढी ४ सय ३६ योजना रहेको छ । त्यसमध्ये धेरै योजना उनको क्षेत्र महोत्तरी क्षेत्र नम्बर ४ (क) मा छ । निमित प्रमुख साह अन्य योजनाका हकमा मन्त्रालयको निर्देशन अनुसार नै वितरण भएको बताउँछन् । तर, सबै चिठी वडा कार्यालयमा जाने उनको भनाइ छ । फागुन २० गतेसम्म प्रदेश सांसदलाई वितरण गरिएको ७८ योजनाको दर्ता चलानी कार्यालयको तथ्यांकमा छ । मन्त्रालयले आफू अनुकूल वितरण गर्ने योजनाको छुट्टै दर्ता चलानी रजिस्टर अलग्गै खडा गरेको हुन सक्ने कर्मचारी बताउँछन् । पूर्वाधार विकास कार्यालय बारा र धनुषाभन्दा भिन्न मधेश प्रदेशका अन्य जिल्लाको अवस्था छैन । प्रदेश सांसदलाई वितरण गर्ने योजना बाहेकका योजनाको चिठी मन्त्रीको हातमा पुग्छ अथवा मन्त्रीले भने अनुसार व्यक्तिलाई वितरण गर्ने गरिएको कार्यालयहरूकै भनाइबाट पुष्टि हुन्छ ।

**भूगोलमा मन्त्रीको व्यस्तता**

वर्षः २०८१ चैत ८ गते

मधेश प्रदेशका भौतिक पूर्वाधार तथा विकासमन्त्री सरोज यादव विकाश निर्माण कार्यमा सक्रिय । महोत्तरीमा स्थानीयको मागबमोजिम विद्यालय भवन, सडक ढलान, सामुदायिक भवन, मन्दिर, मदर्सा तथा मस्जिद निर्माण कार्यमा बजेट बिनयोजन गरी निर्माण कार्यमा सक्रियता ।

००००

**छानबिन समिति बनाउने सहमति**

वर्षः २०८१ चैत २७

मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवलगायतका मन्त्रीमाथि योजना बिक्री लगायतका गम्भीर भ्रष्टाचारको आरोप लागेपछि प्रदेश सरकारले संसदीय छानबिन समिति गठन गर्ने तयारी । निरन्तर प्रदेश सभामा विपक्षी दलहरूद्वारा मन्त्रीहरुको राजीनामा र छानबिन माग गर्दै संसद अवरुद्ध ।

प्रधानमन्त्री केपी शर्मा ओलीको जनकपुरधाम भ्रमण र सभामा सम्बोधन सुनिश्चित गर्न सत्तारूढ दल र सभामुखको पहलमा सहमति जुटाई संसद गतिरोध अन्त्य गरिएपछि छानबिन समिति गठनमा सहमति ।

आरोपः मन्त्री सरोज कुमार यादवको नेतृत्वमा रहेको भौतिक पूर्वाधार मन्त्रालयले आयोजना बिक्री गरेर कमिसन लिएको, एउटै योजनामा दोहोरो खर्च देखाइएको, दलालमार्फत बोलपत्र प्रक्रिया प्रभावित बनाइएको ।

००००

**'मन्त्रीजी राजीनामा दिनुहोस्'**

वर्षः २०८१ चैत २७

जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रदेश सभा सदस्य सरोज सिंह कुशवाहाले मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवको राजीनामा मागे । प्रदेश सभाको चौथो अधिवेशनको २३औँ बैठकमा कुशवाहाले मन्त्री यादवको राजीनामा मागेका हुन् ।

सरकारका प्रतिनिधि र मन्त्री यादवको अभिव्यक्तिप्रति आपत्ति जनाउँदै उनले भने, 'मन्त्री यादवले सदनको गरिमामाथि प्रहार गरेका छन् । उनको अभिव्यक्तिले सरकारको गरिमालाई खस्काएको छ । यसबाट प्रदेश सभाका १ सय ७ जना सांसदको गरिमामाथि प्रश्न खडा भएको छ ।'

कुशवाहाले मन्त्री यादवले तथ्यहीन र आधारविहीन शब्द प्रयोग गरेको आरोप लगाए । उनले भने, 'मन्त्री यादवको अभिव्यक्तिले सरकारको सम्मान घटाएको मात्र नभइ उनले झुटो बोलेर आमजनतालाई भ्रमित गरेका छन् । यसबाट सदन पनि दिग्भ्रमित भएको छ ।' कुशवाहाले प्रदेशका विभिन्न योजनामा पनि मन्त्रीको असमर्थता र गलत कार्यप्रवृत्तिलाई उजागर गरे । उनले भने, 'मन्त्री यादवले सदनमा उठेका मुद्दालाई गम्भीरताका साथ लिएनन् । प्रदेशका आठवटै जिल्लामा योजनाको चिट्ठी मन्त्री यादवको सचिवालयमा बुझाएका छन् ।' उनले भने, 'मन्त्री यादवका कारण नागरिक, राजनीतिक दल र संसद सबै अस्तव्यस्त भएको छ । यस्तो अवस्थामा उनले आफ्नो पदबाट राजीनामा दिनु पर्छ ।'

००००

**भौतिक पूर्वाधार मन्त्रीको अभिव्यक्ति संघीयताविरोधी**

वर्षः २०८२ वैशाख ५ गते

मधेश प्रदेशमा सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीले सत्ता साझेदार दल नेकपा एमालेबाट मन्त्री बनेको भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवको पछिल्लो अभिव्यक्तिलाई संघीयताविरोधी अभिव्यक्तिको रुपमा लिएको छ । जनमत पार्टी मधेश प्रदेशको संसदीय दलको बैठकले उनले पछिल्लोपटक आफूमाथि लागेको आरोपको जवाफ दिने क्रममा प्रदेशलाई नै बदनाम हुने गरी अभिव्यक्ति दिएको र यसले संघीयता विरोधी तत्वलाई मलजल हुने बैठकले ठहर गरेको जनमत पार्टीका संसदीय दलका नेता महेश यादवले जानकारी दिए । उनले भने, 'अहिले संघीयता विरोधीहरु सल्बलाइरहेका छन्, यस्तो अवस्थामा मन्त्री जस्तो पदमा बसेर प्रदेश सभाका सांसदलाई योजना बाँडे, दललाई योजना दिएँ भनेर संघीयता बदनाम हुने काममा आफैँ लागेका छन् ।'

००००

**कुन दललाई कति योजना बाँडियो ?**

मधेश प्रदेश सरकारले विनियोजन गरेको योजनामा सत्तारुढ कांग्रेसले २ सय ४८ योजना लगेको छ । यस्तै, एमालेले २ सय ४०, जनमतले १ सय ६३ र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले ९४ योजना पाएका छन् । जनता समाजवादी पार्टी (जसपा) नेपालले १ सय ७४, माओवादी केन्द्रले ६४, नेकपा एकीकृत समाजवादीले ५६, नागरिक उन्मुक्तिले ५, राप्रपाले ४ र नेपाल संघीय समाजवादी पार्टीले २ योजना पाएका छन् ।

००००

**मन्त्रालयको बजेटः**

मधेश प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयको कुल पुँजीगत खर्च १२ अर्ब ६८ करोड ९० लाख रुपैयाँ छ । प्रदेश सभा सदस्यहरूको योजनामा लगभग २ अर्ब ९९ करोड रुपैयाँ छुट्याइएको छ । यो रकम ५ करोडदेखि डेढ करोडसम्मका विभिन्न योजनामा बाँडिएको छ । योजनामा २ अर्ब २७ करोड रकम नयाँ बहुवर्षीय योजनाका लागि छुट्याइएको छ भने पुरानो बहुवर्षीय योजनामा १ अर्ब २० करोड रकम तोकिएको छ । साथै, म्याचिङ फन्ड, संघीय प्रादेशिक सडक पूर्वाधार कार्यक्रम र प्रादेशिक स्थानीय सडक पूर्वाधार कार्यक्रमका लागि पनि रकम छुट्याइएको छ ।

मन्त्री सरोज यादवले मधेश प्रदेशका १०७ जना सांसदले भौतिक पूर्वाधार मन्त्रालयबाट जम्मा १ हजार २ सय ३२ वटा योजनाका चिठ्ठी बुझेको बताएका थिए ।

# सञ्चारकर्मीले मुलुकको हितमा कलम चलाउनुपर्छः सभामुख



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले सञ्चारकर्मीले जनता र मुलुकको हितमा कलम चलाउनुपर्नेमा जोड दिएका छन् । संसदीय मामिला पत्रकार समाज, मधेशले गरेको सञ्चारकर्मीसँग अन्तरक्रियामा मण्डलले केही संघीयता विरोधी तत्वले संघीयता बदनाम गरिरहेको बताउँदै यसतर्फ पत्रकारले कलम चलाउनुपर्ने बताए । मण्डलले संघीय लोकतान्त्रिक गणतन्त्रका कारण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता रहेकाले यसको रक्षा गर्ने दायित्व प्रेस जगतको रहेको बताए ।

उनले भने, 'संघीयता धेरै खर्चिलो भयो भनेर भ्रम फैलाउनेहरु क्रियाशील छन्, संघीयताले धेरै लाभ पनि दिएको छ, यस विषयमा समेत सञ्चारकर्मीहरुले कलम चलाएर जनतालाई जागरुक बनाउनु पर्छ ।' लोकतन्त्रको चौथो अङ्ग मात्र नभई जनता र संसदबीचको सेतू भएको उल्लेख गरे । उनले जनताको समस्या उजाएर गर्नुको साथै पत्रकारले संसदीय प्रक्रियाको विषयमा जानकारी गराउनुपर्नेमा जोड दिए । उनले भने, 'संसदीय अभ्यासहरुको विषयमा जनतालाई जागरुक बनाउने माध्यम समेत पत्रकारिता रहेको कारणले यसको विषयमा समेत छलफल चलाउनुपर्ने आवश्यकता छ ।

सभामुख मण्डलले संसदीय मामिलामा संलग्न पत्रकारलाई नीति निर्माण, कानूनी प्रक्रिया र विधेयक विश्लेषणमा थप दक्ष बनाउने आवश्यकता औँल्याउँदै यस्ता अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिनुपर्ने बताए । कार्यक्रममा वरिष्ठ पत्रकार बिएम खनाल, श्यामसुन्दर शशि, रामभरत साह, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजेशकुमार कर्ण, नेपाल पत्रकार महासंघ धनुषाका पूर्वअध्यक्ष मनिका झा, मधेशी पत्रकार समाजका जिल्ला अध्यक्ष सुभाष कर्णलगायतका वक्ताले बोलेका थिए । समाजका अध्यक्ष वीरेन्द्र रमणका अध्यक्षतामा कार्यक्रम भएको हो ।

# एक्सरे गर्ने बहानामा भिडियो खिचेर ब्लाकमेलिङ

**मधेशदृष्टि**
**वीरगंज ।**
सीमावर्ती भारतीय शहर रक्सौलमा एक्सरे गर्न गएका महिलालाई नाइटी लगाउन लगाएर नांगो भिडियो खिच्दै ब्लाकमेलिङ भएको घटना बाहिर आएको छ ।
रक्सौलको ब्रिज हेल्थ सर्भिस इण्डियामा निःशुल्क डिजिटल एक्सरे सेवाका नाममा सर्वसाधारण महिलाको नग्न अवस्थाको फोटो र भिडियो खिच्ने काम भएको खुलासा भएको हो ।

अनुमण्डलीय अस्पताल, रक्सौलमा सेवा लिन पुगेका महिलालाई नाइटी लगाउन लगाएर तीन चार जनाको समूहले नांगो फोटो खिच्ने, ब्लाकमेल गर्ने र सामाजिक सञ्जाल इन्स्टाग्राममा एकाउन्ट बनाएर फोटो पोस्टसम्म गर्नेसम्मको अपराध बाहिर आएपछि प्रहरी र महिला अधिकारकर्मीले अस्पतालमा छापा मारेका छन् । घटना बाहिर आएपछि पीडित एक महिलाले डेढ महिनादेखि आफूमाथि अत्याचार भइरहेको, यो घटना बाहिर आएपछि परिवारमा समेत समस्या परेको बताएकी छिन् । स्थानीय प्रहरीले अस्पतालका सञ्चालकलाई सूचना जारी गर्दै एक्सरेका कर्मचारी उपलब्ध गराउन अनुरोध गरेका छन् । आरोपीहरु फरार रहेको बताइएको छ ।


## भावपूर्ण श्रद्धाञ्जली



**स्व. जगन्नाथ साह**

तेली कल्याण समाज नेपालको केन्द्रीय उपाध्यक्ष, हाम्रा अभिभावक, सर्लाही जिल्ला निबासी आदरणीय जगन्नाथ साहज्यूको असामयिक निधनको खबरले मर्माहत भएको छौँ। सम्पूर्ण तेली कल्याण समुदायले एक अशल, अनुभवी र कुशल अभिभावक गुमाएको छ। तेली समुदायमा अपुरणीय क्षति पुगेको छ। शोकको यो घडीमा परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भन्ने प्रार्थनासहित मृतक साहमा हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौँ।

अध्यक्ष
**ध्रुब साह**
एवम्
**तेलि कल्याण समाज**
पर्सा, मधेश प्रदेश, नेपाल


# तीन शीर्ष नेताबीच छलफल



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीसहित प्रमुख तीन राजनीतिक दलका शीर्ष नेताहरूबीच विद्यमान राजनीतिक व्यवस्था र सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान रक्षाका लागि उपयुक्त वातावरण बनाउँदै अघि बढ्ने विषयमा शनिबार छलफल भएको छ ।
प्रधानमन्त्री निवास, बालुवाटारमा भएको छलफलमा उनीहरूबीच संविधानको उल्लङ्घन गर्ने र सामाजिक अराजकता सृजना गरी मुलुकको शान्ति र अमनचयनमा खलल पु¥याउनेप्रति सचेत हुँदै अघि बढ्न प्रमुख राजनीतिक दलसहित गणतन्त्र पक्षधर शक्ति एकठाउँमा उभिनुपर्नेमा समान मत देखिएको छ ।
प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', गृहमन्त्री रमेश लेखक, प्रधानमन्त्रीका मानव अधिकार तथा सङ्क्रमणकालीन न्यायसम्बन्धी सल्लाहकार अग्नि खरेल सहभागी थिए ।
छलफलमा सङ्क्रमणकालीन न्यायसँग सम्बधित दुई आयोगमा पदाधिकारी चयनका लागि गठित सिफारिस समितिले गरिरहेका कामबारे सामान्य जानकारी गराउने काम पनि भएको सल्लाहकार खरेलले जानकारी दिए ।

# भृकुटीमण्डपमा रैथाने खाना प्रवर्द्धन



काठमाडौँ ।
भृकुटीमण्डपको उद्यानमा भइरहेको 'खाना महोत्सवमा इङ्वा सुब्बा कागुनो, याङ्बेन र मकैको खीर पकाउन व्यस्त छिन् । छेवैमा पाक्दैछ तात्तातो सेल अनि लहरै राखिएका छन् थप परिकार । सिस्नुको सुप र च्याउ साँधेको परिकारले खानाका पारखीहरुको ध्यान गइरहेको देखिन्छ । खाना पारखीहरु स्वाद मानी मानी खाइरहेको देखिन्छन् । नेपालको पहिलो फुड रियालिटी शो 'सेफ नेपाल' बाट चिनिनुभएकी सुब्बाले आफूले शोमा बनाएको खीर सबैले रुचाएकाले महोत्सवमा यसको स्वाद चखाउन आएको बताइन् । रियालिटी शोमा आफ्नो समुदायको खानालाई पस्केर सबैको मन जितेकी उनले नेपाल रैथाने परिकारको धनी भएकाले यसलाई प्रवद्र्धन र संरक्षण गर्न सबैले लाग्नुपर्ने बताइन् ।सुब्बा भन्छिन्, 'हिमाल, पहाड र तराई सबै ठाउँको आआफ्नो खानाको विशेषता छ । हामीले सबै परिकारलाई थोरै मात्र परिस्कृत गरेर पस्किन सक्यौँ भने यसले अन्तरराष्ट्रिय बजारमा फैलिने मौका पाउन सक्छ ।'
उनको छेवैको स्टलमा नेवारी परिकार बारा, योमरी, छोयला राखिएका छन् । खोकनाको तोरीको तेल, बेसार पनि स्टलमा बेच्न राखिएको छ । भिलेज क्याफेकी पुनमाया डङ्गोलले नेवारी परिकारहरुलाई प्रवद्र्धन र यसको स्वाद सबैमाझ पु¥याउन महोत्सवमा सहभागी भएको बताइन् । उनी भन्छिन्, 'क्याफेमा त थुप्रै परिकारहरु पाइन्छन् । आज भने हामीले यति मात्र ल्याएका छौँ । नेवारी परिकारहरु धेरैको जिब्रोमा झुण्डिएको छ । धेरैले रुचाइ दिनुभएको छ ।'
विगत डेढ वर्षदेखि टोखामा 'आरोग्य कर्णाली अर्गानिक प्रालि' सञ्चालन गर्दै आएकी सीता आचार्य मौरी संरक्षणकर्मी हुन् । उनीसँग १ सय ५० वटा मौरीका घार छन् । उनले मौरीपालनका साथै कर्णालीमा पाइने विभिन्न रैथाने अन्नबालीहरुको ब्रान्डिङ गरेर बेच्दै आएकी छिन् । उनको स्टलमा मह, कागुनो, चिनो, मार्सी, फापरको पिठो, कोदो, मकैको च्याख्ला, सातु, गुन्दुरकलगायत २० प्रकारका सामग्रीहरु छन् । आचार्यका अनुसार चिनो, कागुनो, कोदो र फापरको माग बढी रहेको छ । 'यी अन्नहरु मधेमेह, उच्च रक्तचापका बिरामीलाई खान मिल्छ । कतिलाई थाहा छैन । थाहा हुनेले खोजेर खानुहन्छ,' उनी भन्छिन् ।
परम्परागत र मौलिक खानाको सङ्गम रहेको खाना महोत्सवमा मोही पनि बिक्रीका लागि राखिएको छ । ओखलढुंगे डेरी एण्ड एग्रीफुड प्रालिले दुग्धजन्य पदार्थहरुलगायत मिठाइ, आइसक्रिम, भुजिया, निम्किी, पनिर तथा चिज मःम बेच्दै आएको छ । डेरीका सञ्चालक गोपाल तिमिल्सनाले बजारमा पाइने विभिन्न पेयपदार्थभन्दा कैयौँ गुणा मोही स्वस्थ्यकर भएकाले यसको ब्राण्डिङमा लागेको सुनाए । उनी भन्छन्, 'स्थानीय उत्पादन मोहीलाई प्रवद्र्धन गर्ने उद्धेश्यले प्याकिङ गरेर बेच्दा स्वास्थ्यलाई राम्रो हुने र आफ्नो स्थानीय उत्पादनको खपत हुने उद्देश्यले हामीले सुरु गरेका हौँ । गुलियो चिसो पेयपदार्थभन्दा गर्मीमा मोहीले शितल गराउँछ ।'
अन्तरराष्ट्रिय नेपाली सेफ सोसाइटी नेपालका महासचिव गिरीराज भट्टले यो महोत्सव परिकारहरुको प्रदर्शनी मात्र नभइ नेपाली सेफहरुको पहिचान, प्रतिभा, मिहिनेत र सिर्जनशीलताको सजिव दस्तावेज रहेको बताउँछन् ।
भट्टले नेपाली पाककलामा स्वाद, विविधता, मौलिकता अद्वितीय भए पनि अन्तरराष्ट्रियस्तरमा स्थापित गर्नु चुनौतीपूर्ण भएको बताउँछन् । उनी भन्छन्, 'विश्वसामू चिनाउने हाम्रो सपना हो । यसका लागि सबैको समर्पण र सहकार्य आवश्यकता छ ।' खाना महोत्सवले परम्परागत, रैथाने स्वादसँग आधुनिक परिकारको प्रर्दशनी र नेपालभित्रको पाककलाको सम्भावनाको उज्यालो चित्र प्रस्तुत गर्ने प्रयास गरेको छ । महोत्सवमा ५० वटा स्टल, (४० वटा खानाका ५ वटा रैथाने बाली नालीको प्रदर्शन, पाँच वटा पर्यटन जानकारी) रहेको छ । खानाका स्टलमा विभिन्न जात जातिको खाना (नेवारी, थारु, राई लिम्बु, थकाली, आदि)को परिकारहरु राखिएको छ । रासस

# विद्यालयका प्रधानाध्यापक मृत भेटिए

**कालीकोट ।**
सान्नी त्रिवेणी गाउँपालिका–४ उजेलगाउँमा एक प्रधानाध्यापक मृत अवस्थामा भेटिएका छन् ।
स्थानीय शान्ति आधारभूत विद्यालयका प्रधानाध्यापक ५४ वर्षीय कृष्णबहादुर शाही मृत अवस्थामा भेटिएको जिल्ला प्रहरी कार्यालय कालीकोटले जनाएको छ ।
शुक्रबार बेलुका नजिकैको बेलुपाटा बजार गएका शाही शनिबार बिहान पनि घर नर्फिएपछि परिवारले प्रहरीलाई खबर गरेको थियो । स्थानीय र प्रहरीले खोजी गर्दा बेलुपाटा बजार नजिकै मृत अवस्थामा भेटिएको र घटनाका विषयमा जानकारी लिन जिल्ला प्रहरी कार्यालयको टोली त्यसतर्फ गइरहेको कालीकोट जिल्लाका प्रहरी प्रमुख टेकबहादुर रावतले जानकारी दिए । 'घटनाको अनुसन्धानका लागि प्रहरी त्यसतर्फ गइरहेको छ,' उनले भने, 'घटनाका विषयमा अनुसन्धान हुनेछ ।'

# महिलामाथि गोली प्रहार

**लुम्बिनी ।**
रुपन्देहीको बुटवल उपमहानगरपालिका–११ बुद्धनगरमा एक महिलामाथि शनिबार गोली प्रहार भएको छ । पाल्पा रैनादेवी छहरा घर भई बुटवलको बुद्धनगरमा चिया पसल व्यवसाय गर्दै आउनुभएकी अन्दाजी २९ वर्षीया टीका विष्ट क्षेत्रीमाथि शनिबार बिहान अज्ञात व्यक्तिले गोली प्रहार गरेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीले जनाएको छ ।
गोली लागि घाइते भएकी महिलाको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सुरज कार्कीले जानकारी दिए । उनका अनुसार घाइते विष्टको अहिले शल्यक्रियाको तयारी भइरहेको छ । घटनाको प्राम्भिक अनुसन्धानबाट भारतीय मुलको जस्तो देखिने व्यक्तिले गोली प्रहार गरी फरार भएको जनाउँदै घटनाबारे थप अनुसन्धान भइरहेको प्रवक्ता कार्कीले जानकारी दिए ।

# 'मानव कल्याणमा समर्पित हुन आवश्यक'



**काठमाडौँ ।**
अन्तरराष्ट्रिय शान्तिवक्ता तथा लेखक प्रेम रावतले मानिसको जीवन अनमोल रहेकाले आफूभित्रको दया र करुणाका भावबाट मानव कल्याणमा समर्पित हुन आह्वान गरेका छन् ।
आत्मज्ञान प्रचार सङ्घले रुपन्देहीको सैनामैना–७ स्थित गौतम बुद्ध अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालामा आयोजित कार्यक्रममा उनले यस्तो आह्वान गरेका हुन् । 'मानिसको जीवन अनमोल छ र यो चोला फेरि पाइँदैन भन्ने कुरा सम्झाउनका लागि आएको हुँ । मानिसभित्र दया, माया र करुणाजस्ता धेरै राम्रा कुराहरू छन् । त्यसलाई मानव कल्याणमा समर्पित गर्नु आवश्यक छ,' रावतले भने । 'द प्रेम रावत फाउन्डेसन' (टिपिआरएफ) का संस्थापक उनले श्वासको मूल्यलाई नबुझेसम्म जीवन कति अमूल्य छ भन्ने बुझ्न कठिन हुने तर्क गरे । कार्यक्रममा नेपाल–भारतको सीमावर्ती क्षेत्रबाट ठूलो संख्यामा उनका शुभेच्छु र अनुयायीको सहभागिता रहेको संस्थाका सदस्य डा श्रीराम अधिकारीले जानकारी दिए । उनको आन्तरिक सुख र शान्तिसम्बन्धी व्यावहारिक सन्देश १ सय १० भन्दा धेरै देशमा सुन्ने गरिन्छ । प्रतिष्ठानले नेपाल, भारत, घाना र दक्षिण अफ्रिकामा विपन्न वर्गका बालबालिका तथा अस्वस्थ वयस्कहरूलाई समेत पौष्टिक भोजन प्रदान गर्दै आएको जनाएको छ ।

# हाइपोक्सिया, माइटोफेजी र ट्यूमर विकासः क्यान्सर अनुसन्धानमा तिवारीको नयाँ खोज

**मधेशदृष्टि**
**सप्तरी ।**
क्यान्सर हाम्रो युगको एक गम्भीर स्वास्थ्य चुनौती हो, जुन यसको अनुकूलन क्षमता, उपचार प्रतिरोध, र मेटास्टासिसका कारण जटिल बनेको छ । हालै, राजीव गान्धी जैव प्राद्योगिकी केन्द्र, तिरुवनन्तपुरम्, केरल (भारत) का वैज्ञानिक डा. टी. आर. सन्तोष कुमारको ल्याबमा उनका पिएचडी रिसर्च स्कलर शिवांशु कुमार तिवारीको नेतृत्वमा भएको अध्ययनले ट्यूमर, हाइपोक्सिया र माइटोफेजी कसरी कोषिकाहरूको भाग्य निर्धारण गर्छ भन्ने नयाँ दृष्टिकोण प्रस्तुत गरेको छ । उनको यो अनुसन्धान विश्व प्रतिष्ठित रेडक्रस सोसाइटीको अफिसियल साइन्टिफिक जर्नल फ्रि रेडिकल बायोलोजी एन्ड मेडिसिनमा प्रकाशित भएको छ, जसले क्यान्सर कोषिकाको मेटाबोलिक र रेडोक्स प्रणालीमामा पर्ने प्रभावलाई उजागर गर्दछ ।




**ट्यूमर सूक्ष्म वातावरणः**
ट्यूमर विकासमा हाइपोक्सिया–रि–अक्सिजिनेसनको विशेष भूमिका रहन्छ । खासगरी हाइपोक्सिक कन्डिसन, ठोस ट्यूमरको प्रमुख विशेषता हो, जसले ट्यूमर जीवविज्ञानलाई प्रत्यक्ष असर गर्छ । अध्ययनले देखाएको छ कि जब हाइपोक्सियामा रहेका कोषिका पुनः अक्सिजनयुक्त वातावरणमा फर्काइन्छन्, तिनीहरूको मृत्यु प्रक्रिया परिवर्तन हुन्छ । एपोप्टोसिसका लागि नियत कोषिकाहरू रि–अक्सिजिनेसन अवस्थामा नेक्रोसिसमा परिणत हुन्छन्, जसलाई माइटोफेजीले नियन्त्रित गर्छ ।

यस जटिल प्रक्रियालाई बुझ्न शिवांशु कुमार तिवारी नेतृत्वको अनुसन्धान टोलीले 'जेनेटिकली इनकोडेड फ्रेट बेस्ड क्यान्सर सेन्सर कोषिका प्रणाली विकास गर्यो, जसको माध्यमबाट वास्तविक समय र सिंगल सेल लेबलमा एपोप्टोसिस नेक्रोसिस र बाँचेका माइटोफेजी–सक्रिय कोषिकाको ट्र्याकिङ गर्न सकिन्छ । यस प्रविधिको प्रयोग गरी माइटोकन्ड्रियल कार्यक्षमता र रेडोक्स विविधताले ट्यूमर अनुकूलनमा कस्तो भूमिका खेल्छ भन्ने स्पष्ट भएको छ ।

**माइटोफेजीः क्यान्सर प्रगतिमा द्वैध भूमिका**
माइटोफेजी कोषिका गुणस्तर नियन्त्रण संयन्त्रको रूपमा कार्य गर्छ, जसले क्षतिग्रस्त माइटोकन्ड्रिया हटाएर कोषिकालाई स्वस्थ राख्छ । तर, यो अनुसन्धानले देखाएको छ कि माइटोफेजीले ट्यूमर कोषिकालाई हाइपोक्सियामा बाँच्न सहयोग गर्ने मात्र नभई, तिनीहरूको अनुकूलनशीलता बढाएर थप आक्रामक बन्न पनि मद्दत गर्छ ।

आरएनए ट्रान्स्क्रिप्टोमिक्स विश्लेषणले देखाएको छ कि हाइपोक्सिया–रि–अक्सिजिनेसन चक्रपार गरेपछि ट्यूमर कोषिकामा मेटास्टासिस क्षमता बढ्न सक्छ, जसले परम्परागत क्यान्सर विकास सम्बन्धी धारणालाई चुनौती दिन्छ ।

**चिकित्सीय प्रभावः नयाँ उपचार रणनीति**
हाइपोक्सिया, माइटोफेजी र मेटाबोलिक विविधताबीचको जटिल अन्तक्रियालाई बुझ्दा क्यान्सर उपचारका लागि नयाँ सम्भावना खोल्न सक्छ । माइटोफेजी नियमन गर्ने औषधिहरूले ट्यूमर कोषिकाको प्रतिरोध क्षमतामा हस्तक्षेप गर्न सक्छन् । साथै, माइटोकन्ड्रियाल रेडोक्स अवस्था परिमार्जन गर्नाले उपचार–प्रतिरोधी क्यान्सर कोषिकालाई लक्षित गरेर नष्ट गर्न सकिन्छ । यस अनुसन्धानले ट्यूमर जीवविज्ञानको नयाँ दृष्टिकोण प्रदान गर्नुका साथै सटिक अनकोलोजीको विकासमा योगदान पु¥याउँछ । यदि यी खोजहरू क्लिनिकल अभ्यासमा लागू गरिए भने क्यान्सर उपचारका परम्परागत विधिहरूलाई पुनर्परिभाषित गर्न सकिन्छ ।

**निष्कर्षः उज्ज्वल भविष्यको दिशामा**
क्यान्सर कोषिकाको अनुकूलन क्षमतालाई बुझ्दा उपचार रणनीति सुधार गर्नसक्छ । माइटोकन्ड्रियालाई लक्षित गर्ने व्यक्तिगत चिकित्सा रणनीतिले आक्रामक, उपचार–प्रतिरोधी क्यान्सर भएका बिरामीहरूलाई नयाँ आशा दिन सक्छ । ट्यूमरको जटिलता र अनुकूलन क्षमतालाई नियन्त्रित गरेर, भविष्यमा थप प्रभावकारी र दीर्घकालीन उपचार विकास गर्न सकिन्छ ।सप्तरी निबासी पत्रकार अरुण तिवारीका सुपुत्र शिवांशु कुमार तिवारीलाई हालै भारतको केरला स्थित पिके अय्यंगार हल, राजीव गान्धी जैव प्रविधि केन्द्र आक्कुलम क्याम्पस, तिरुवनन्तपुरमा आयोजित पिएचडी ओपन डिफेन्स र भाइभा भोस सफलतापूर्वक सम्पन्न गरेपछि विद्यावारिधिको उपाधि प्रदान गरिएको छ ।

बाह्य परीक्षकका रूपमा डा. पुनकडली बालासुब्रमणियन (प्रोफेसर, हेमाटोलोजी विभाग, भेल्लोर, तमिलनाडु) तथा डा. उर्मी बन्दोपाध्याय उपस्थित थिए । साथै, डा. प्रिया श्रीनिवास (वैज्ञानिक तथा डीन, शैक्षिक मामिला, एवं डा. आशा नायर (वैज्ञानिक डीन रिसर्च एडमिनिस्ट्रेसन तथा फ्याकल्टी अफेयर) र तिवारीका पिएचडी सुपरभाइजर डा. टी. आर. सन्तोष कुमार (वैज्ञानिक क्यान्सर अनुसन्धान विभाग, तिरुवनन्तपुरम्, पनि उपस्थित थिए ।

# आँखा शिविरबाट ६७४ जना लाभान्वित

**जनकपुरधाम ।**
काभ्रे, बनेपास्थित रेयुकाई ईको मासुनागा आँखा अस्पतालको ढल्केबरस्थित शाखा अस्पतालले आयोजना गरेको तीनमहिने आँखा शिविरबाट ६ सय ७४ जना लाभान्वित भएका छन् । शिविरबाट धनुषा, महोत्तरी तथा सिरहाका आँखाका बिरामी लाभान्वित भएको अस्पतालले जनाएको छ ।

त्यस अवसरमा बिरामीको निःशुल्करुपमा मोतियाविन्दुको शल्यक्रिया गरिएको थियो । रुइत फाउन्डेसन र स्थानीय पालिकाहरुको समन्वय एवम् सहयोगमा आयोजित शिविरमा ३ सय ५२ जना पुरुष तथा ३ सय २२ जना महिलाले सेवा लिएका थिए ।

शिविरअन्तर्गत तीन जिल्लाका विभिन्न स्थानमा पुगेर सेवा दिइएको थियो । शिविरमा आँखा जाँचका क्रममा भेटिएका बिरामीको ढल्केवरस्थित अस्पतालमा शल्यक्रिया गरिएको अस्पतालका निर्देशक तथा जलविन्दु विशेषज्ञ डा. दिक्षा मल्लले जानकारी दिइन् ।

उनका अनुसार महोत्तरीको गौशाला, औरही, भङ्गहा बर्दीबास, मटिहानी र धनुषाको मिथिला तथा नगराइन एवम् सिरहाको कल्याणपुर तथा नरहालगायतका स्थानमा शिविर सञ्चालन गरिएको थियो ।

२०८१ माघ ६ गते शुरु भएको शिविर शनिबार सम्पन्न भएको हो ।

शिविरमा डा दिक्षा मल्ल, कोर्निया विशेषज्ञ डा लिशा श्रेष्ठ, अकुलोप्लास्टी विशेषज्ञ डा साकेत पराजुली तथा डा उमेश साहले सेवा दिएका थिए ।

# आगलागीमा दुई करोड रुपैयाँ क्षति

**मधेशदृष्टि**
**रौतहट ।**
सदरमुकाम गौर र भारतीय सीमासँग जोडिएको बौधिमाई नगरपालिकास्थित कोपवा गाउँमा आगलागी हुँदा झन्डै दुई करोड रुपैयाँको धनमाल जलेर नष्ट भएको छ ।

शुक्रबार राति करिब ९ बजे सदरमुकाम गौरको कविर चोकस्थित कृष्णनन्दन पेटलको बाँस र खरले छाएको कच्ची घरमा अचानक आगलागी भएको थियो ।

आगलागीबाट ४ लाख रुपैयाँ बराबरको कच्ची घर, ५ थान मोटरसाइकल, पानी तान्ने मोटरमा क्षति भएको पीडितले जानकारी दिएको जिल्ला प्रहरी कार्यालय गौरका डिएसपी दीपककुमार रायले बताए ।

सुरक्षाकर्मी र स्थानीय मिलेर आगो नियन्त्रणमा लिएका थिए । बौधिमाई–५ कोपवाका धर्मेन्द्र जैसवालको ३ तले पक्की घरको भुइँतलाको गोदाममा राति साढे ८ बजे अचानक विद्युत् तार सर्ट भई आगलागी हुँदा गोदाममा रहेको १ करोड मूल्य बराबरको कपडा, चप्पल, १ थान मोटरसाइकल, ३ तले घर गरी १ करोड ७६ लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीलाई दिएको पीडितको निवेदनमा उल्लेख छ ।

# २२ लाख बालबालिकालाई भिटामिन ए

**मधेशदृष्टि**
**वीरगंज ।**
शनिबार र आइतबार देशभरका २२ लाख बालबालिकालाई भिटामिन 'ए' खुवाइँदै छ । स्वास्थ्य सेवा विभागका अनुसार 'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम' अन्तर्गत भिटामिन 'ए' क्याप्सुल ६ महिनादेखि ५९ महिनाका झन्डै २२ लाख बालबालिकालाई खुवाइने भएको हो । त्यस्तै एक वर्षदेखि पाँच वर्षसम्मका झन्डै १९ लाख बालबालिकालाई जुकाको औषधि खुवाउन लागिएको छ । पर्सा जिल्लाका १४ वटै स्थानीय तहमा पनि ८ सय भन्दा बढी महिला स्वयमसेविकाहरु परिचालन गरिएको स्वास्थ्य कार्यालय पर्साका प्रमुख डा. मुक्तिनारायण साहले जानकारी दिए ।

उनका अनुसार भिटामिन ए र जुकाको औषधीसँगै बालबालिकामा कुपोषणको परीक्षण पनि गरिनेछ । साथै बालभिटासमेत प्रदान गरिने उनले बताए । 'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम' मा देशैभर झन्डै ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका र १५ हजार स्वास्थ्यकर्मी परिचालन गरिएको छ ।

# मन्त्रीज्यूलाई शनिबार पनि भ्याइनभ्याइ

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवाल शनिबार पर्सा जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा विकासका विभिन्न कार्यक्रमको उद्घाटन र शिलान्यासमा व्यस्त रहे । बिहान पर्सा क्षेत्र नम्बर १ अन्तर्गत वीरगंज महानगरपालिका वडा नम्बर २० मा आयोजित गढीमाई प्रिमियर लिग उद्घाटन मन्त्री जयसवालले गरे । प्रतियोगिताले स्थानीय युवा खेलाडीलाई आफ्नो प्रतिभा प्रस्तुत गर्ने महत्वपूर्ण अवसर प्रदान गर्ने विश्वास लिइएको छ ।




लगत्तै, मन्त्री जयसवाल पर्सा क्षेत्र नम्बर २ को बहुदरमाई नगरपालिका वडा नम्बर २ पुगे, जहाँ उनले रक्तदान कार्यक्रम उद्घाटन गरे । यो कार्यक्रमले मानवीय सेवाभावलाई प्रवद्र्धन गर्नुका साथै रगतको आवश्यकता भएकालाई सहयोग पुग्ने उद्देश्य राखेको छ । त्यसपछि पर्सा क्षेत्र नम्बर ३ का विभिन्न स्थानमा पुगी मन्त्री जयसवालले विकासका थुप्रै योजना शिलान्यास गरे । यस क्षेत्रमा सडक, खानेपानी, शिक्षा लगायतका पूर्वाधार विकासका योजना अगाडि बढ्ने भएका छन् । दिनको अन्त्यमा, मन्त्री जयसवाल पर्सा क्षेत्र नम्बर ४ स्थित जगरनाथपुर गाउँपालिका वडा नम्बर ३ मा पुगे र त्यहाँ निर्माणाधीन खेलकुद रङ्गशाला शिलान्यास गरे । रङ्गशालाको निर्माणले स्थानीय युवालाई खेलकुदमा आकर्षित गर्नुका साथै राष्ट्रियस्तरका खेलाडी उत्पादनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ । एकै दिन चारवटै निर्वाचन क्षेत्रमा पुगी विकासका यति धेरै कार्यक्रमको उद्घाटन र शिलान्यास गरेर मन्त्री जयसवालले पर्सा जिल्लाको विकासका लागि आफू र प्रदेश सरकार गम्भीर रहेको सन्देश दिएका छन् । यी कार्यक्रमहरूले स्थानीयस्तरमा उत्साह जगाएको छ ।

# २४ औँ खुला रक्तदान सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको रानीघाट टोलस्थित दुर्गा पूजा सेवा समितिको आयोजनामा २४औँ बृहत् खुला रक्तदान कार्यक्रम शनिबार भएको छ ।

समाजसेवी राकेश कुश्वाहाको प्रमुख आतिथ्य र समितिका अध्यक्ष शतिश सिंह राजपूतको सभापतित्वमा आयोजित कार्यक्रममा विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरूको सहभागिता थियो । रक्तदान कार्यक्रममा ३९ जनाले रक्तदान गरेका थिए । कार्यक्रमको प्राविधिक सहयोग नेपाल रक्तसञ्चार केन्द्र, वीरगंजका प्रमुख सौरभराज पाण्डे, नितेश यादव र नमित चौरसियाले गरेका थिए ।

# लागुऔषधसहित युवाहरु पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रतिबन्धित लागु औषध ओसारपसारमा संलग्न दुई जना पक्राउ परेका छन् । प्रहरीले जिराभवानी गाउँपालिका वडा नम्बर– ५ नैना टोलस्थित सडकखण्डमा शंकास्पद रुपमा हिँडिरहेका दुई जनालाई प्रतिबन्धित लागु औषधसहित फेला पारेको हो । पक्राउ पर्नेमा जिराभवानी गाउँपालिका–५ निवासी दिलीप प्रसाद र राजकिशोर प्रसाद खाध थारु छन । प्रहरी टोलीले जाँच गर्दा उनीहरूबाट नाइट्राजेपाम ८ सय ८६ ट्याब्लेट लागुऔषध बरामद भएको हो । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको इलाका प्रहरी कार्यालय पटेर्वासुगौली र सशस्त्र प्रहरी बल बोर्डर आउट पोस्ट ठोरीको संयुक्त टोलीले लागुऔषधसहित दुवै जनालाई नियन्त्रणमा लिएको जनाएको छ ।

चामलको बोरामा लुकाइ लैजाँदै गरेको अवस्थामा लागुऔषध बरामद भएको प्रहरीले जानकारी दिएको छ । प्रहरीले उनीहरूलाई लागु औषध सम्बन्धी मुद्दामा जिल्ला अदालत पर्साबाट म्याद थप गरेर अनुसन्धान अघि बढाएको जानकारी दिएको छ ।

# बैरिया बिर्तामा निःशुल्क स्वास्थ्य शिविर

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित स्पर्श मल्टीस्पेस्यालिटी हस्पिटलले पर्साको बहुदरमाई नगरपालिका–२ बैरिया बिर्तामा निःशुल्क स्वास्थ्य शिविर गरेको छ ।

स्थानीय समुदायको स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्ने उद्देश्यले आयोजित शिविरमा तीन सय भन्दा बढी व्यक्तिले लाभ लिएको अस्पताल प्रशासनले जनाएको छ ।

शिविरमा अस्पतालका वरिष्ठ चिकित्सक तथा जनरल फिजिसियन डा महेश्वर प्रसाद कुर्मी, मुटुरोग विशेषज्ञ डा मधु गुप्ता, हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा दीपेश साह, मिर्गौला तथा मूत्ररोग विशेषज्ञ डा अशोक राज र डा चिरन गिरीलगायत अन्य स्वास्थ्यकर्मीको टोलीले सेवाग्राहीलाई स्वास्थ्य जाँच तथा परामर्श प्रदान गरेका थिए ।

चिकित्सकले निःशुल्क स्वास्थ्य जाँचका साथै आवश्यक औषधि वितरण गरेका थिए । उनीहरूले रक्तचाप, मधुमेह, हड्डी तथा मुटुसम्बन्धी रोगको परीक्षण, परामर्श तथा आवश्यक औषधिको सिफारिस निःशुल्क रूपमा गरेका थिए ।

# दलितको मृत्युमा अधिकारवादीको चासो

**मधेशदृष्टि**
**सप्तरी ।**
सुरुङ्गा नगरपालिका–७ हरिपुर रामटोलकी दलित किशोरी शंकास्पद अवस्थामा मंगलबार मृत भेटिएको घटनामा सप्तरी जिल्ला अदालत, बार एसोसिएशनअन्तर्गतका मानव अधिकार तथा जनसरोकार समितिले चासो लिएको छ । शनिबार समितिका संयोजक अधिवक्ता दिलिप चौधरीसहितका पदाधिकारीले पीडित परिवारसँग जानकारी लिएका छन् । संयोजक चौधरीले घटनाको निष्पक्ष अनुसन्धान र पीडित परिवारलाई न्याय दिलाउनका लागि पहल गर्ने बताए ।

सोमबार राति भाइ विश्वजीतसँग घरमा सुतिरहेकी नागेन्द्र रामकी १८ वर्षीया छोरी पूजाकुमारी राम घरबाटै बेपत्ता भएकी थिइन् । खोजी गर्दै जाँदा घरदेखि एक किलोमिटर दक्षिण–पूर्वतर्फ तीनगछियाँ भन्ने ठाउँमा उनी शंकास्पद अवस्थामा मृत भेटिएकी थिइन् ।

# मोटरसाइकल चोरी आरोपमा दुई नियन्त्रणमा

**मधेशदृष्टि**
**रौतहट ।**
चन्द्रपुर नगरपालिका–१० बालचनपुरबाट मोटरसाइकल चोरी गरेको आरोपमा दुईजना युवक पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय डुमरियाबाट खटिएको प्रहरी गस्ती टोलीले बालचनपुरचोक नजिक पश्चिम किनारबाट २ युवक पक्राउ गरेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रमुख, प्रहरी नायब उपरीक्षक राजकुमार राईले बताए । निलो रंगको अपाचे मोटरसाइकलसहित शंकास्पद अवस्थामा बसेको स्थानबाट जिल्लाको गरूडा नगरपालिका–४ का २० वर्षीय आशुतोष कुमार साह र सोही स्थानका १९ वर्षीय जयराम साह कलवार भारतीय नम्बरको बि आर ३० ए ८०३३ नम्बरको टिभीएस कम्पनीको १६० सीसीको मोटरसाइकलसहित पक्राउ परेको प्रमुख राईले बताए । मोटरसाइकलको सवारी दर्ता, भन्सार समेतका कागजातहरू नभएको कारण पक्राउ गरी आवश्यक कारबाही अगाडि बढाइएको प्रमुख राईले जानकारी दिए ।

## सम्पादकीय

# प्रहरी प्रशासनका भरमा शान्त बन्यो वीरगंज

*हनुमान जयन्तीका दिन निस्केको शोभायात्रामा भएको विवाद, झडप, आगजनीपछि कर्फ्युसम्ममा पुगेको वीरगंज महानगर लगभग शान्त भएको आभाष भएको छ। भित्रीरुपमा को के गरिरहेका छन्, त्यसको सूचना राख्न जरुरी छ। कुनै पनि बेला फेरि वीरगंज अशान्त हुन्छ कि भनेर चनाखो बस्नु पर्छ। तर यतिखेर चैँ वीरगंज शान्त बनाउने काममा वीरगंजका तीन संघीय मन्त्री, दुई प्रदेश मन्त्री, पूर्वमन्त्री, सांसद र नेताहरुको भूमिका कम देखियो। काठमाडौँमा बसेर फेसबुकमा लेखेका भरमा वीरगंज शान्त हुने होइन। यहाँका जनतासँग प्रत्यक्ष सरोकार राखेर, समवेदित भएर, उत्तेजित समूहलाई सम्झाइबुझाइ गरेर अनि पीडित र पीडकलाई समन्वय गरेर कसैले पनि नहारेको अनुभूति गराउँदै समाज शान्त बनाउने काममा मन्त्रीज्यूहरु, सांसदहज्यूहरु, दलका जिल्लास्तरका मुखिया (प्रमुख)हरुको भूमिका गौण थियो भन्दा छाती र चित्त सानो पार्नु पर्दैन। भोटको मायाले हो या ज्यानको मायाले हो, पर्दा तपाईंहरु चुइँक्क बोल्न सक्नुहुन्छ, जति उद्योग वाणिज्य संघ बोल्यो, आफ्ना पूर्वअध्यक्षका लागि उसले विज्ञप्ति निकालेर मुस्लिम संघका अध्यक्षलाई माफी माग, कानूनी कारबाहीको दायरामा ल्याउने काम गर भनेर सार्वजनिक अपिलमा उत्रियो, तर यति पनि बोल्न सकेनन् पर्साका दलहरु।*

*केन्द्रीय सत्तामा रहेका २५ सदस्यीय मन्त्रिमण्डलमा मधेशको पनि हिस्सा राम्रै छ। त्यसमाथि पर्सा जिल्ला मात्रै यस्तो एउटा भाग्यमानी जिल्ला हो, जसले एकैपटक चार सांसदमध्ये तीन मन्त्री पाएको छ। यस्तो अवस्थामा पनि हिन्दूले शोभायात्रा निकाल्दा कैयौँ दिन वीरगंज जलिरह्यो। नेताहरु, मन्त्रीहरु बोल्दै बोलेनन्। भागिरहे। वश, पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल र प्रहरी उपरीक्षक गौतम मिश्रले घटनालाई नियन्त्रणमा लिने प्रयास गरे। आफ्ना अधिकृतको दाँत भाँचिदा पनि सहेर वीरगंजको शान्तिका लागि जुन प्रयास गरे, यो निकै सराहनीय छ। यो प्रयासले नै अहिले वीरगंज शान्त भएको छ। प्रमुख जिल्ला अधिकारी अर्याल र प्रहरी उपरीक्षक मिश्रले गरेको सत्प्रयासले नै वीरगंज शान्त भएको हो र दलहरुका नेताहरुले पनि बैठकको अन्तिममा सही धस्काउने हैसियत पाएका हुन्। उनीहरुले आफ्नो हस्ताक्षर देखाएर काम गरेका हौँ त भन्लान् तर जनताले पत्याउने अवस्था छैन।*

*पदमा सबै पुग्छन्। पहुँचमा सबै हुन्छन्। दार्शनिक रुपचन्द्र विष्टले भनेका छन्, 'सबै मौका नपाएर इमानदार देखिएका हुन्।' वीरगंजका मन्त्रीहरुको हुलिया पनि यस्तै देखियो। गफ ठूला गर्ने, तर परेका बेला बोल्न पर्छ कि भनेर वीरगंजमा देखै नपर्ने। सिडिओलाई आदेश दिएँ भनेर फेसबुकमा पिएहरुलाई लेख्न लगाउने। घटनास्थलमा आएर जनताका दुःखसुखमा समवेदित नहुने नेताहरुलाई चुनावमा जनताले फेरि कति विश्वास गर्लान्? सिडिओ र एसपी त फेरि फर्केर आउँदैनन्। ९ महिना पुगेपछि आज कि भोलि सरुवाको खबर आउँछ भनेर बस्नु पर्छ, तर नेताहरुलाई मिसन २०८४ आइसकेको छ। किन तपाईंहरु यस्तो समवेदनशील, राष्ट्रिय चर्चा बनेको मुद्दामा मौन बस्नुहुन्छ, के मुख देखाएर जनतामा जानुहुन्छ? एक न एक दिन त जनताले सोध्छन्, प्रश्नको मोसो दल्छन्–दल्छन्।*

# हस्तक्षेपकारी बजेटका पक्षमा अर्थमन्त्री



हेमन्त जोशी

आगामी आर्थिक वर्ष २०८२–८३ को बजेट निर्माणको काम धमाधम चलिरहेको छ। स्रोतको चाप, शिथिल अर्थतन्त्र, खस्कँदो निजी क्षेत्रको मनोबल तथा लगानी, नतिजामुखी बन्न नसकेको कर्मचारी प्रशासन, न्यून विकास खर्चलगायत समस्या मुलुकले खेपिरहेको वर्तमान अवस्थामा कस्तो बजेट सरकारले ल्याउँदैछ भन्ने चासो स्वाभाविक हो।

बजेट सँगसँगै नीति तथा कार्यक्रम निर्माणको काम पनि चलिरहेको छ। तर औसत नीति, स्वाभाविक गति र अहिलकै जस्तो कार्यशैलीले अर्थतन्त्र सुधार्न तथा नागरिकका विकासका आकाङ्क्षा पूरा गर्न सकिँदैन भन्नेमा सरकार केही हदसम्म विश्वस्त हुन थालेको बुझिन्छ। सांसदहरुको थेग्नै नसकिने दबाब र मन्त्रालयहरुको चाहनाविरुद्ध जानुपर्ने अवस्था आए पनि हस्तक्षेपकारी र यथार्थपरक बजेट ल्याउने उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले औपचारिक बैठकमा बताउँदै आउनुभएको छ। बजेटका बारेमा मन्त्रालयगत छलफलमा त्यसको छनक अर्थमन्त्रीले दिइसक्नुभएको छ।

अघिल्ला आर्थिक वर्षमा बजेट पाएर पनि काम गर्न नसकेका, टुक्रे आयोजना, लगानीका आधारमा लाभ दिन नसक्ने, स्रोत सुनिश्चितता नभएका, प्रजेक्ट बैंकमा नपरेकालगायत आयोजनामा यसपटक निर्मम भएर कैँची चलाइने अर्थमन्त्री पौडेलले बताउँदै आउनुभएको छ। आर्थिक वर्षका बीचमा बजेट संशोधन गर्नुपर्ने तथा रकमान्तर, स्रोतान्तर गर्नुपर्ने स्थिति नआउने गरी बजेट ल्याइनुपर्नेमा उहाँको जोड छ। उहाँले सङ्घीय महत्वका आयोजना मात्रै आगामी आर्थिक वर्षको सङ्घीय सरकारको बजेटमा पर्ने भएकाले सोहीअनुसार तयारी गर्न निर्देशन दिनुभएको थियो। अर्थमन्त्री पौडेलले लोकरिझ्याई र राजनीतिक पहुँच तथा शक्तिका आधारमा बजेट ल्याइने प्रवृतिको अन्त्य हुने बताउनुभएको छ। वितरणमुखी र लोकप्रिय बजेटभन्दा पनि यथार्थपरक र कार्यान्वयनयोग्य बजेटको तयारी गर्न उहाँको निर्देशन छ। सामाजिक सुरक्षाका कार्यक्रमलाई गम्भीर रुपमा समीक्षा गरिनुपर्नेमा पनि उहाँको जोड छ।

गत फागुनमा अर्थ मन्त्रालयले सबै मन्त्रालयहरुलाई बजेट तर्जुमा मार्गदर्शन पठाउँदै भनिसकेको छ, 'स्रोतमा चाप छ, पूर्वतयारी नभएका र प्रतिफल नदिने योजनाका लागि बजेट नमाग्नू।' बजेट तर्जुमा मार्गदर्शन र अर्थमन्त्री पौडेलले विषयगत मन्त्रालयहरुसँग छलफलका क्रममा दिएका अभिव्यक्तिअनुसार नै जाने हो भने यसपटकको बजेट सुधारमुखी र हस्तक्षेपकारी हुनेछ। अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार यथार्थपरक र कार्यान्वयन योग्य बजेट निर्माणका लागि अर्थमन्त्रीको स्पष्ट निर्देशन छ, 'जेजस्तो जोखिम लिन पनि म तयार छु। तर, यथार्थपरक अनुशासित र अर्थतन्त्रलाई चलायमान गर्नेगरी बजेट ल्याउनुपर्छ भनेर अर्थमन्त्रीबाट निर्देशन भएको छ। त्यसका लागि गृहकार्य पनि राम्रो ढङ्गले चलिरहेको छ,' प्रवक्ता भण्डारीले राससँग भन्नुभयो।

आगामी आवको बजेटबारे अर्थमन्त्री पौडेलले सबै मन्त्रालयसँग एक चरणको छलफल गरिसक्नुभएको छ। बजेट महाशाखा र बजेट लेखन समितिमा हरेक योजना तथा कार्यक्रममाथि छलफल चलिरहेको छ। सम्बन्धित मन्त्रालयले प्रस्ताव गरेका योजना तथा कार्यक्रमका शीर्षकमाथि बजेट महाशाखाले छलफल चलाइरहेको प्रवक्ता भण्डारीले बताउनुभयो। राजस्व परामर्श समितिअन्तर्गत गठन भएका विभिन्न सात वटा विषयगत उपसमितिहरुले आफ्नो प्रतिवेदन बुझाइसकेका छन्। बजेट निर्माणलाई समावेशी, यथार्थपरक र परिणाममुखी बनाउने उद्देश्यले अर्थ मन्त्रालयले सबै मन्त्रालयहरूसँग चरणबद्ध परामर्श गर्नुका साथै पूर्वअर्थमन्त्री, नीतिनिर्माता तथा विषयविज्ञसँग पनि छलफल गरिसकेको छ। छलफलमा उठेका विषय, दिइएका सुझाव र अर्थमन्त्रीको प्रतिबद्धता विश्लेषण गर्दा आगामी वर्षको बजेटबाट सरकारले सकारात्मक नीतिगत हस्तक्षेप गरेर सुधारको बाटो अवलम्बन गर्ने देखिन्छ। यद्यपि स्रोतको चाप, मन्त्रालयको माग र राजनीतिक दबावलाई अर्थमन्त्री पौडेलले कसरी सम्बोधन गर्नुहुनेछ भन्ने हेर्न बाँकी छ।

**कम बजेट पाउने सम्भावना**

सार्वजनिक ऋणको साँवा–ब्याज भुक्तानी, सामाजिक सुरक्षामा खर्च हुने रकमजस्ता अनिवार्य दायित्व निरन्तर बढ्ने तर सरकारको राजस्व लक्ष्यअनुसार सङ्कलन नहुने अवस्था अहिले देखिएपछि अधिकांश मन्त्रालयहरुले चालु आवकोभन्दा आगामी आवका लागि कम बजेट पाउने सम्भावना छ। बजेट कटौती हुने भएपछि अधिकांश मन्त्रालय असन्तुष्ट भएका छन्।

राष्ट्रिय स्रोत अनुमान समितिले आगामी २०८२–८३ का लागि १९ खर्ब ६५ करोड रुपैयाँको बजेट सिलिङ निर्धारण गरेको छ। चालु आवको १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँको वास्तविक विनियोजनभन्दा आगामी आवको बजेट सिलिङ केही बढी देखिए पनि अनिवार्य दायित्वमा खर्च बढ्ने भएपछि विकास खर्च बढी हुने मन्त्रालयले नै न्यून बजेट पाउने अवस्था आएको हो। ऊर्जा जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास, कृषि तथा पशुपन्छी विकासलगायत पुँजीगत खर्च बढी हुने मन्त्रालयको बजेट नै कटौतीमा पर्ने सम्भावना छ।

आगामी आवका लागि १९ खर्ब ६५ करोड रुपैयाँको बजेट सिलिङ निर्धारण गर्दा आन्तरिक राजस्वबाट १२ खर्ब ६३ अर्ब १० करोड रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ। स्रोत अनुमान समितिले दिएको सिलिङअनुसार बजेट ल्याउने हो भने छ खर्ब ३७ अर्ब ५५ करोड रुपैयाँ स्रोत अपुग हुनेछ। स्रोतको आकलन गर्दा चालु आवको आन्तरिक राजस्वको लक्ष्य र आगामी आवको अनुमानमा खासै अन्तर हुँदैन। मध्यावधि समीक्षामार्फत कायम गरिएको राजस्व लक्ष्यका तुलनामा भने करिब १० प्रतिशतले बढ्ने सरकारको अनुमान छ।

सार्वजनिक ऋणको साँवाब्याज तिर्न यस वर्ष सरकारले चार खर्ब दुई अर्ब ८५ करोड रुपैयाँ विनियोजन गरेको थियो। तर आगामी आवमा सरकारी ऋण तिर्न चार खर्ब १० अर्ब रुपैयाँ भन्दा बढी रकम चाहिने स्रोत अनुमान समितिले जनाएको छ।

**विषयगत मन्त्रालयमा के छलफल भयो?**

अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षको बजेट कसरी तयार पार्ने र के–कस्ता विषयलाई प्राथमिकतामा राख्ने भनेर पूर्वअर्थमन्त्री तथा पूर्वअर्थसचिवहरुसँग बेग्लाबेग्लै छलफल गरेको थियो। त्यस क्रममा पूर्वअर्थमन्त्रीहरुले अर्थतन्त्रलाई पुनरुत्थान गराउने दीर्घकालीन दृष्टिकोणसहितको बजेट ल्याइनुपर्ने, राजस्व वृद्धिको यथार्थपरक योजना बनाइनुपर्ने, बजेटले निजी क्षेत्रलाई उत्साहित गर्नसक्नुपर्ने, सामाजिक सुरक्षाको दायरा सघन बनाउने र अनुत्पादक खर्च घटाउने, अघिल्ला बजेटमा घोषणा गरिएका तर कार्यान्वयन नभएका योजनाको समीक्षा गर्नुपर्ने सुझाव दिनुभएको छ। पूर्वअर्थसचिवहरुले अर्थतन्त्र सुधारका लागि सरकारले बजेटमार्फत हस्तक्षेपकारी भूमिका खेल्नुपर्ने सुझाव उहाँहरुको थियो। ठूला आयोजना निर्माणमा बजेट केन्द्रित हुनुपर्ने, नयाँ आयोजना थप्नेभन्दा पनि पुरानै आयोजनालाई निरन्तरता दिने, प्रतिफल नदिने आयोजनालाई बजेटबाट हटाउनुपर्ने, वित्तीय सङ्घीयता कार्यान्वयनलाई प्रभावकारी बनाउने, पुँजीगत खर्च बढाउनुपर्नेलगायत सुझाव प्राप्त भएको थियो।

अनौपचारिक अर्थतन्त्रको आकार घटाउनुपर्ने, सामाजिक सुरक्षाका कार्यक्रमलाई समीक्षा गरी एकीकृत रुपमा कार्यान्वयन गर्नुपर्नेमा, बैंक तथा वित्तीय संस्था र सहकारी क्षेत्रका समस्या समाधानका लागि पहल गर्नुपर्नेलगायत सुझाव पूर्वअर्थमन्त्रीहरुको थियो। स्रोतमा चाप देखिएको वर्तमान अवस्थामा राजस्वका लक्ष्य महात्वाकाङ्क्षीभन्दा पनि यथार्थपरक बनाइनुपर्ने, अनावश्यक कर छुट सुविधा नदिने, वैकल्पिक वित्त परिचालनका लागि संयन्त्र निर्माण गर्नेलगायत सुझाव प्राप्त भएको थियो।

मन्त्रालयगत छलफलमा पूर्वाधार विकासलाई परिणाममुखी बनाउन आगामी आर्थिक वर्षको बजेट केन्द्रित हुनुपर्ने, परियोजना छनोटमा पारदर्शिता, ठेक्का प्रणाली सुधार तथा लागत–लाभ विश्लेषणका आधारमा पूर्वाधार क्षेत्रमा लगानी गर्नेगरी आगामी आर्थिक वर्षको बजेट आउनुपर्नेमा जोड दिइएको छ। भूकम्प र बाढीपहिरोजस्ता प्राकृतिक विपद्पछिको पुनर्निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने सुझाव छ। ऊर्जा सुरक्षा, विद्युत् व्यापार विस्तार, जलविद्युत् निर्यात, तथा राष्ट्रिय प्रसारण लाइन विस्तारलगायत विषय आगामी आर्थिक वर्षको बजेट केन्द्रित हुनुपर्नेमा उहाँको जोड थियो। जलस्रोतको अधिकतम उपयोग र सिँचाइ पूर्वाधार विस्तारसमेत बजेटको प्राथमिक एजेन्डा बन्नुपर्नेमा जोड दिइएको थियो। स्वास्थ्य बिमा कार्यक्रम, स्वास्थ्य क्षेत्रको जनशक्ति व्यवस्थापन, आधारभूत स्वास्थ्य सेवाको पहुँचलगायत विषयलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइएको छ।

औद्योगिक प्रवद्र्धन तथा लगानीका क्षेत्रमा निजी क्षेत्रको आकर्षण, वैदेशिक लगानीको प्रवाह, आयात प्रतिस्थापनका उपाय खोजिनुपर्ने, साना तथा मझौला उद्योगलाई सहुलियत कर्जाबाट प्रवद्र्धन गर्ने नीति तथा योजना आगामी आर्थिक वर्षको बजेटले अवलम्बन गरिनुपर्नेमा उद्योग मन्त्रालयका अधिकारीहरुको जोड छ। सङ्घीयता कार्यान्वयनका सन्दर्भमा तीन तहका सरकारबीचको आपसी समन्वय तथा सहकार्य, वित्तीय हस्तान्तरणको प्रभावकारिता र संस्थागत संरचनाको पुनर्संरचनाजस्ता विषय उठान भएका छन् भने निजामती कर्मचारीको कार्यक्षमता बढाउन बजेट केन्द्रित हुनुपर्नेमा जोड दिइएको छ। रुपान्तरणकारी र राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनालाई केन्द्रमा राखेर बजेट निर्माण हुनुपर्ने खानेपानी मन्त्रालयको माग छ भने सङ्घीय सरकारले रू तीन करोडभन्दा कम लागतका आयोजनाका लागि बजेट छुट्याउन नहुनेमा पनि अधिकारीहरुले जोड दिएका थिए।

सरकारले कृषि क्षेत्रमा उपलब्ध गराउने अनुदान र सहुलियतलाई व्यवस्थित गर्नेगरी आगामी आर्थिक वर्षको बजेटको तयारी गरिरहेको छ। कृषिलाई व्यावसायिक बनाउने, जलवायु अनुकूलन प्रविधि विस्तार गर्ने, मल र बीउको आपूर्ति सहज बनाउने विषयबारे पनि गहन छलफल भएको छ।

जमिनको खण्डीकरण रोक्ने, बाँझो जमिन प्रयोग गर्ने, अस्थायी बसोबास व्यवस्थापन, सार्वजनिक जगाको संरक्षण, भूमि बैंकलगायत विषयहरुलाई केन्द्रमा राखेर बजेट बनाउनुपर्ने कृषि तथा पशुपन्छी मन्त्रालयको अनुरोध छ।

**के कुरामा सुधार र कडाई हुँदैछ?**

आगामी आवको बजेट तर्जुमासम्बन्धी मार्गदर्शन पठाउँदा अर्थ मन्त्रालयले बजेटको स्रोत व्यवस्थापन अत्यन्त चुनौतीपूर्ण र दबाबमा रहेको उल्लेख गर्दै सार्वजनिक खर्चको प्रभावकारिता बढाउने गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न भनेको थियो। मितव्ययी खर्च, प्राथमिकताका आयोजना छनोट, दोहोरोपन हटाउने र कार्यान्वयनयोग्य योजना मात्र बजेटमा राख्न अर्थ मन्त्रालयले स्पष्ट निर्देशन थियो। त्यस्तै, नयाँ योजनाहरू प्रस्ताव गर्दा पर्याप्त तयारी र लागत–लाभ विश्लेषण गर्नुपर्ने र हाल सञ्चालनमा रहेका योजनाहरू सम्पन्न गर्न पर्याप्त बजेट सुनिश्चित गर्नुपर्ने मार्गदर्शनमा उल्लेख थियो।

राष्ट्रिय गौरव तथा उच्च प्राथमिकताका परियोजनाहरू पर्याप्त बजेट छुट्याउनुपर्ने र ससाना आयोजनामा स्रोत छर्ने प्रवृत्ति निरुत्साहित गर्ने नीति अवलम्बन गर्न अर्थ मन्त्रालयले विषयगत मन्त्रालयलाई सचेत गराएको थियो।

त्यस्तै योजना तथा कार्यक्रम कार्यान्वयनका क्रममा रकमान्तर र कार्यक्रम संशोधन गर्न नपर्नेगरी यथार्थपरक बजेट प्रस्ताव गर्नुपर्ने पनि बजेट तर्जुमा मार्गदर्शनमा उल्लेख छ। 'विनियोजन दक्षता कायम गर्न आयोजनाको उद्देश्यसँग प्रत्यक्ष सम्बन्धित क्रियाकलापमा मात्र बजेट प्रस्ताव गर्नुपर्ने छ। आयोजना तथा कार्यक्रममा दीर्घकालीन दायित्व सिर्जना गर्ने प्रकृतिका क्रियाकलाप समावेश गर्नुहुने छैन,' विषयगत मन्त्रालयलाई अर्थले भनेको थियो, 'चालु खर्चमा मितव्ययिता कायम गर्ने गरी अत्यावश्यक बजेट मात्र प्रस्ताव गर्ने र अनिवार्य दायित्वका खर्च शीर्षकमा पछि थप निकासा माग गर्न नपर्नेगरी पर्याप्त बजेट प्रस्ताव गर्नुपर्नेछ।'

**'बजेट क्यालेण्डर' अनुसार काम जारी'**

आगामी आर्थिक वर्ष २०८२–८३ को बजेट तर्जुमा कार्यतालिका (बजेट क्यालेन्डर) तयार पारी सोहीअनुसार नै काम भइरहेको अर्थमन्त्रालयका प्रवक्ता भण्डारीको दाबी छ। 'हामी अहिले बजेट तयारीको मध्य चरणमा छौँ। हामीले तर्जुमा गरेको बजेट क्यालेन्डरअनुसार नै काम गरेका छौँ। कतिपय काम तोकिएको तालिकाभन्दाअघि नै पनि सकिएका छन्,' उहाँले भन्नुभयो।

बजेट तर्जुमा कार्यतालिकाअनुसार सबै मन्त्रालयहरुले बजेटमा समावेश गर्नुपर्ने नीति, कार्यक्रम र अपेक्षित उपलब्धिसहितका सूचकहरुको विवरण अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई उपलब्ध गराइसकेका छन्। आगामी आर्थिक वर्षका लागि कार्यान्वयन हुने योजना तथा कार्यक्रमका लागि बजेट प्रस्ताव पनि भइसकेको छ। अहिले ती प्रस्तावहरु माथि छलफल चलिरहेको छ भने सँगसँगै बजेटमा समावेश गर्नुपर्ने विषयमा सार्वजनिक सूचना जारी गरी विभिन्न क्षेत्रबाट सुझाव सङ्कलन गर्ने काम चलिरहेको छ।

अन्तरसरकारी वित्त परिषद्को बैठक बसिसकेको छ भने बजेटका उद्देश्य, प्राथमिकता एवम् मुख्य कार्यक्रमबारे सांसदहरुसँग प्रदेशगत रुपमा छलफल चलिरहेको छ। सङ्घीय सशर्त अनुदानका विषयमा प्रदेश आर्थिक मामिला तथा योजनामन्त्रालयहरुसँग छलफलका लागि आगामी चैत २४ देखि वैशाख १५ गतेसम्मको समयावधि तोकिएको छ। यही वैशाख १० गतेभित्र विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताको मस्यौदा तयार पार्ने र वैशाख १५ गतेभित्र सङ्घीय सदनका दुवै सदनमा पेश गर्नेगरी बजेट तर्जुमा कार्यतालिका बनेको थियो। सरकारले वैशाख १२ गते संसदको बजेट अधिवेशन आह्वान गरिसकेको छ। बजेट क्यालेन्डरअनुसार आगामी जेठ १ गतेभित्र राजस्व परामर्श समितिले आफ्नो प्रतिवेदन अर्थमन्त्रीसमक्ष पेस गर्नेछ र त्यो बेलासम्ममा बजेट वक्तव्यको पहिलो मस्यौदा तयार भइसक्नेछ।

त्यस्तै, अर्थमन्त्रीले जेठ १५ गते राष्ट्रपतिसमक्ष बजेट 'बिफ्रिङ' गर्ने कार्यतालिका रहेको छ। बजेट वक्तव्यलाई जेठ १३ गतेभित्र अन्तिम रुप दिई जेठ १४ गते मन्त्रिपरिषद् र राष्ट्रिय योजना आयोगमा ब्रिफ्रिङका लागि लगिनेछ। आर्थिक विधेयक, विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने विधेयक र ऋण तथा जमानत विधेयक जेठ १४ गते छपाइका लागि पठाइनेछ। आर्थिक सर्वेक्षण, संस्थानको प्रगति विवरण र मन्त्रालयहरुको प्रगति विवरण आगामी जेठ १४ गते सङ्घीय संसद्का दुवै सदनमा प्रस्तुत हुनेछ। त्यस्तै, जेठ १५ गते संयुक्त सदनमा आगामी आर्थिक वर्ष २०८२–८३ को बजेट पेस हुनेछ। बजेट केबल आर्थिक दस्तावेज मात्र होइन, यो सरकारको राजनीतिक दृष्टिकोण, विकासको प्राथमिकता र आमजनताप्रतिको उत्तरदायित्वको प्रतिविम्ब हो।

यस्ता छलफलहरूले नीतिगत स्पष्टता, कार्यान्वयन क्षमताको मूल्याङ्कन, र आर्थिक प्राथमिकता निर्धारणमा भूमिका खेल्दछन्। तर उही किसिमका योजना फरकफरक मन्त्रालयले दोहोर्याउने, प्राथमिकता निर्धारणमा स्पष्ट मापदण्डको अभाव, तथा स्रोतको सीमितताबीच पनि अनावश्यक योजना थोपर्ने प्रवृत्तिले बजेटको कार्यान्वयन पक्षमै समस्या सिर्जना गर्ने सम्भावना रहन्छ। रासस

# नौ महिनामा तीन खर्ब ६६ अर्ब ऋण उठाइयो

सरकारले चालु आर्थिक वर्ष २०८१–८२ को चैत मसान्तसम्म साढे तीन खर्बभन्दा बढी ऋण उठाएको छ भने साढे दुई खर्बभन्दा बढी साँवा–ब्याज तिरेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तयार पारेको २०८१ चैत मसान्तसम्मको सार्वजनिक ऋणको प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको सुरुमा कूल सार्वजनिक ऋण २४ खर्ब ३४ अर्ब नौ करोड रुपैयाँ थियो भने पछिल्लो नौ महिनामा दुई खर्ब ३३ अर्ब १७ करोड रुपैयाँ ऋण थपिएको छ। यसरी चैत मसान्तसम्ममा नेपालले तिर्न बाँकी कुल सार्वजनिक ऋण २६ खर्ब ६७ अर्ब २६ करोड रुपैयाँ पुगेको कार्यालयले जनाएको छ।

'चैत मसान्तसम्ममा सार्वजनिक ऋण कूल ग्राहस्थ्य उत्पादन (जिडिपी) को अनुपातमा ४६ दशमलव ७५ प्रतिशत हुन आउँछ। कुल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५१ दशमलव १९ र आन्तरिक ऋणको हिस्सा ४८ दशमलव ८१ प्रतिशत छ,' प्रतिवेदनमा भनिएको छ। मुलुकको हालसम्मको कूल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण १३ खर्ब एक अर्ब ९४ करोड रुपैयाँ र बाह्य ऋण दायित्व १३ खर्ब ६५ अर्ब ३२ करोड रुपैयाँ बराबर छ। सरकारले यस आर्थिक वर्षका लागि करिब साढे पाँच खर्ब रुपैयाँ सार्वजनिक ऋण उठाउने लक्ष्य राखेकामा गत चैत मसातसम्म ६७ प्रतिशत हाराहारी उठिसकेको छ। 'चालु आर्थिक वर्षमा जम्मा पाँच खर्ब ४७ अर्ब रुपैयाँ सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकामा चैत मसान्तसम्ममा तीन खर्ब ६६ अर्ब नौ करोड रुपैयाँ ऋण प्राप्ति भएको छ। वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक प्राप्ति ६६ दशमलव ९३ प्रतिशत रहेको छ,' प्रतिवेदनमा भनिएको छ।

चालु आर्थिक वर्षको तेस्रो त्रैमाससम्म सरकारले दुई खर्ब ९१ अर्ब १४ करोड रुपैयाँ आन्तरिक ऋण उठाएको हो भने ७४ अर्ब ९५ करोड रुपैयाँ बाह्य ऋण उठाएको हो। वार्षिक लक्ष्यको तुलनामा हालसम्मको आन्तरिक ऋणको प्राप्ति ८८ दशमलव २२ प्रतिशत र बाह्य ऋणको प्राप्ति ३४ दशमलव ५४ प्रतिशत बराबर हो। यस आर्थिक वर्षका लागि सरकारले तीन खर्ब ३० अर्ब रुपैयाँ आन्तरिक ऋण र दुई खर्ब १७ अर्ब रुपैयाँ बाह्य ऋण उठाउने लक्ष्य राखेको छ। सार्वजनिक ऋण निरन्तर बढ्दै गएसँगै त्यसको साँवा–ब्याज भुक्तानीका लागि हुने खर्च पनि बढ्दै गएको छ। चालु आर्थिक वर्षको तेस्रो त्रैमाससम्ममा मात्रै करिब साढे दुई खर्बभन्दा बढी रकम साँवा ब्याज भुक्तानीमा खर्च भएको छ। 'चालु आर्थिक वर्षमा ऋण सेवा खर्चमा रू चार खर्ब दुई अर्ब ८५ करोड बजेट विनियोजन भएकोमा चैत मसान्तसम्म दुई खर्ब ५२ अर्ब ४८ करोड रुपैयाँ भुक्तानी भएको छ,' सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले भनेको छ, 'यो वार्षिक विनियोजनको आधारमा ६२ दशमलव ६७ प्रतिशत हो। जिडिपीको आधारमा चैत मसान्तसम्ममा कूल ऋण सेवा खर्च चार दशमलव ४३ प्रतिशत रहेको छ।'

पछिल्लो नौ महिनामा आन्तरिक ऋणको साँवाव्याज भुक्तानीका लागि मात्रै दुई खर्ब १२ अर्ब ९३ करोड रुपैयाँ खर्च भएको छ। आन्तरिक ऋणको साँवा तिर्नका लागि एक खर्ब ७० अर्ब नौ करोड रुपैयाँ र ब्याज तिर्नका लागि ४२ अर्ब ८४ करोड रुपैयाँ बराबर खर्च भएको हो। त्यस्तै, बाह्य ऋणको साँवा ब्याज तिर्नका लागि ३९ अर्ब ४३ करोड रुपैयाँ बराबर खर्च भएको छ। जसमध्ये बाह्य ऋणको साँवा तिर्नका लागि ३२ अर्ब ९३ करोड रुपैयाँ र ब्याज तिर्नका लागि छ अर्ब ६१ करोड रुपैयाँ खर्च भएको छ।

चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा विदेशी मुद्राको विनिमय दरमा भएको परिवर्तनले मात्रै ७० अर्ब नौ करोड रुपैयाँ बराबर सार्वजनिक ऋणको दायित्व थपिएको कार्यालयले जनाएको छ। नेपालले वैदेशिक ऋण 'स्पेशल ड्रइङ राइट' (एसडिआर) अन्तर्गतका पाँचवटा विदेशी मुद्रामा लिन्छ। जसमा अमेरिकी डलर, युरो, पाउण्ड स्टर्लिङ, चिनियाँ युआन र जापानी येन पर्दछन्। चालु आर्थिक वर्षमा एसडिआरको विनिमय दरमा आएको वृद्धिले वैदेशिक ऋण दायित्वमा थप प्रभाव परेको कार्यालयले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ।

# ‘गणतन्त्रवादी शक्ति एक हुनुपर्ने बेला आएको छ’

**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेताहरुले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षाको निम्ति गणतन्त्रवादी शक्तिहरु एकजुट हुनुपर्ने आवश्यकता औँल्याएका छन् ।
नेपाली कांग्रेस, अर्घाखाँची–काठमाडौँ सम्पर्क समितिले शनिबार गरेको ‘नयाँ वर्ष २०८२ को शुभकामना आदानप्रदान तथा क्यालेण्डर लोकार्पण’ कार्यक्रममा नेताहरुले संविधानको रक्षासँगै कार्यान्वयनको निम्ति परिवर्तनकारी शक्तिहरु एकीकृत हुँदै अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याएका छन् ।
नेपाली कांग्रेसका नेता डा शशाङ्क कोइरालाले लामो सङ्घर्षबाट प्राप्त उपलब्धिको रक्षाको निम्ति राजनीतिक दलहरु एकजुट हुनुपर्नेमा जोड दिए । उनले भने, ‘अहिले गाउँ रित्तो भएको छ, युवाहरु विदेश पलायन भएका छन्, नेपालमा पनि धेरै सम्भावना छ, ऊर्जा, पर्यटन र कृषिमा पर्याप्त सम्भावना छ, त्यो सम्भावनालाई रोजगारीमा परिवर्तन गर्न सबै लाग्नुपर्छ ।’
कांग्रेस केन्द्रीय सदस्य पुष्पा भुसाल गौतमले अरु शक्तिसँग भिड्नका लागि सबैभन्दा कांग्रेस पार्टी आफैँ साङ्गठानिक रुपमा बलियो हुनुपर्नेमा जोड दिइन् । ‘कांग्रेसले आफूलाई कमजोर बनाउन हुँदैन, वादविवाद गरेर होइन, एकीकृत हुँदै पार्टी सङ्गठनलाई बलियो बनाउनुपर्ने बेला आएको छ, कांग्रेसभित्रको एकता बलियो भएको खण्डमा मात्रै अरुसँग भिड्न सकिन्छ,’ महिला विभाग प्रमुख भुसालले भनिन् ।
कांग्रेस केन्द्रीय सदस्य मानबहादुर विश्वकर्माले पछिल्लो समयमा दलहरुप्रति आमजनताको निराशा बढ्दै गएको उल्लेख गर्दै दलहरु सच्चिने बेला आएको बताए । उनले भने, ‘चैत १५ गते राजावादी भन्नेहरुले तीनकुनेमा अशान्ति मच्चाए, गणतन्त्रलाई संस्थागत गर्नका लागि पूर्वराजाको सुविधा कटौती गर्दै लैजानुपर्छ, उहाँको सम्पत्तिको छानबिन गर्नुपर्छ ।’ रासस

# सत्तासाझेदारीमा कुनै समस्या नरहेको गृहमन्त्रीको स्पष्टोक्ति




**गण्डकी ।**
गृहमन्त्री रमेश लेखकले सत्तासाझेदार दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीचको सम्बन्धमा कुनै समस्या नरहेको बताएका छन् । नेपाल प्रेस युनियन कास्कीद्वारा शनिवार पोखरामा आयोजित पत्रकार भेटमा उनले सत्तासाझेदारीमा दुवै दलबीच सौहार्दपूर्ण सम्बन्ध रहेको स्पष्ट पारे ।
सरकार आपसी सहमतिका साथ क्रियाशील रहेको उल्लेख गर्दै उनले भने, ‘साथीहरुले सरकार ढल्छ–ढल्छ भनिदिनुहुन्छ अनि ढल्दैन है भनेर हामीले भनिरहनुपरेको छ ।’ उनले संविधान विरोधी एवं लोकतन्त्र विरोधी गतिविधि जनताले नरुचाएका बताए । लोकतन्त्रमा स्वतन्त्र प्रेस तथा सञ्चारमाध्यम रहने उल्लेख गर्दै गृहमन्त्री लेखकले लोकतन्त्र विरोधीहरूको पहिलो प्रहार नै सञ्चारमाध्यम हुने गरेका दृष्टान्त प्रस्तुत गरे ।
मुलुकमा सात दशकको अन्तरालमा सात वटा संविधान बन्नुले अस्थिरतालाई देखाउने बताउँदै उनले वर्तमान संविधानलाई पनि निष्क्रिय हुन नदिइने प्रतिबद्धता व्यक्त गर्नुभएको साथै गृहमन्त्रीले कमीकमजोरीबाट सिक्ने र पुनः त्यस्तो हुन नदिनेतर्फ सचेत रहनुपर्ने विचार व्यक्त गरे ।
आमाका नामबाट नागरिकता प्रमाणपत्र जारी गर्नेसम्बन्धी विधेयक सदनमा प्रस्तुत गर्ने तयारी भइसकेको बताउँदै उनले यो समस्या चाँडै नै समाधान हुने विश्वास व्यक्त गरे ।
फरक प्रसङ्गमा उनले गभर्नर नियुक्तिमा कुनै समस्या नरहेको स्पष्ट गर्दै उपयुक्त व्यक्तिलाई उपयुक्त स्थानमा नियुक्त गरिने बताए । शिक्षकका माग पूरा गर्न सरकार प्रतिबद्ध रहेको बताए ।रासस

# नेतृत्व र जनप्रतिनिधिमा सुशासन कायम गर्ने इच्छाशक्ति आवश्यक



**काठमाडौँ ।**
सभामुख देवराज घिमिरेले राजनीतिक अस्थिरताका कारण मुलुकमा सुशासन कायम हुन नसकेको बताएका छन् । असल शासन संरक्षण मञ्चले शनिवार आयोजना गरेको ‘राष्ट्रिय सुशासन शिखर सम्मेलन–२०२५’ मा उनले राजनीतिक नेतृत्व र जनप्रतिनिधिमा सुशासन प्रत्याभूत गर्ने प्रतिबद्धता आवश्यक भएको बताए ।
उनले भने, ‘राजनीतिक नेतृत्व र निर्वाचित जनप्रतिनिधिले सुशासन कायम गर्ने, राष्ट्र र जनताप्रति उत्तरदायी भएर काम गर्न आवश्यक छ ।’ राजनीतिक नेतृत्वमा इमान्दारी र सुशासन कायम गर्ने दृढ इच्छाशक्ति आवश्यक भएकामा जोड दिँदै सभामुख घिमिरेले भने । राजनीतिक नेतृत्वमा सुशासनप्रतिको दृढता नहुँदासम्म शासकीय र निर्वाचन प्रणाली परिवर्तन गरेपनि सुशासन सार्थक नहुने उनको अभिमत थियो ।
राज्यव्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले सुशासन कायमगरी राज्यप्रति जनताको विश्वास जित्न नेतृत्व वर्ग आत्मकेन्द्रित नभई मुलुक केन्द्रित हुनुपर्नेमा जोड दिए । उनले भने, ‘जनअसन्तुष्टि चिर्न नेतृत्वतह गम्भीर बन्नुपर्छ, नीतिको ठाउँमा नाता, नभए दाता, त्यो पनि नभए ‘भ्राता’को नियुक्ति भएपछि सुशासन कायम हुन सक्दैन ।’
पूर्वप्रमुख निर्वाचनआयुक्त भोजराज पोखरेलले सत्तासञ्चालनमा जिम्मेवार राजनीतिक दल सुशासनका पक्षमा खरो नउत्रेसम्म यो नारामै सीमित हुने बताए ।
‘सरकार सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रणका लागि खरो उत्रनुपर्छ, सुशासनको खम्बाका रुपमा रहेका संसद्, न्यायालयलगायत संरचना जति बलिया हुन्छन् ती त्यति नै प्रभावकारी हुन्छन्,’ उनले भने ।
सम्मेलनमा ‘नागरिक सहभागिता अभिवृद्धि र समावेशी सुशासन’, ‘सार्वजनिक सेवा प्रवाहमा रुपान्तरण’ र ‘दिगो विकास र नीतिगत सुधार’काबारेमा राजनीतिज्ञ, नीतिनिर्माता, विषयसँग छलफल हुनेछ । रासस

# वैदेशिक रोजगारीमा रहेकालाई देशमा लगानी गर्न आग्रह

**काठमाडौँ ।**
नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानीको प्रशस्त सम्भावना भएको उल्लेख गर्दै वैदेशिक रोजगारीमा रहेका नेपालीलाई लगानीका लागि आह्वान गरेका छन् ।
शुक्रबार साँझ कतारको राजधानी दोहामा बागलुङ सेवा समाज कतारको संरक्षकत्वमा बुहउद्देश्यीय अक्षयकोष स्थापनाका लागि आयोजित प्रथम अधिवेशनलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले नेपालमा केही पनि छैन, केही भएन भन्ने जस्ता गलत भाष्य निर्माण गरिएको समेत बताएको महासङ्घले जनाएको छ ।
उनले भने, ‘नेपालमा सम्भावना नै छैन भन्ने गलत र नकारात्मक भाष्य बनाउन खोजिएको छ, विदेशमा बसेर यहाँको विकास र प्रविधिसँग तुलना गर्दै नेपालको विरोध पनि गरिएको पाइन्छ, नेपालमा पनि विदेशमा जस्तै मेहनत गर्ने हो भने धेरै काम गर्न सकिन्छ ।’ वैदेशिक रोजगारीमा रहेका नेपालीलाई लगानीको अवसर प्रदान गर्ने गरी १० अर्ब रुपैयाँ पुँजीको नेपाल डेभलपमेन्ट कम्पनी स्थापना गरिएको जानकारी गराउँदै ढकालले त्यस कम्पनीमार्फत लगानी गर्न वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आग्रह गरे । कम्पनीले मुलुकभित्र तथा बाहिर रहेका नेपालीहरुको छरिएर रहेको पुँजी सङ्कलन गरी जलविद्युत्, पर्यटन, उद्योग तथा विभिन्न सम्भावना भएका क्षेत्रहरुमा लगानी गर्न गइरहेको उनले बताए । उनले उक्त कम्पनीमा सहभागी भइ लगानी गर्न अनुरोध गरे ।
अध्यक्ष ढकालले बागलुङबाट कतारमा आएका बागलुङवासीले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत काम गर्न अक्षयकोष स्थापना गरेकोमा विशेष धन्यवाद व्यक्त गर्दै उनले त्यस कोषमा रु १५ लाख सहयोग गर्ने घोषणा गरेका थिए । सो कार्यक्रममा बागलुङवासीसमेत भएकाले अध्यक्ष ढकाललाई सम्मान प्रदान गरिएको थियो । रासस

# ‘नदीमा ढल मिसाउने अवस्था अन्त्य गर्न जरुरी’

**काठमाडौँ ।**
उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले सरकारले काठमाडौँका नदी सफा गर्न ठोस कार्यक्रम ल्याउने बताएका छन् । काठमाडौँको वडा नं १० बुद्धनगरवासीद्वारा सञ्चालन गरिएको ‘सके सफा गरौँ नसके फोहर त नगरौँ’ भन्ने नारासहितको बुद्धनगर सरसफाइ अभियानको १० वर्ष पूरा भएको उपलक्ष्यमा शनिवार आयोजित कार्यक्रममा उनले नदी सफा गर्नका लागि नदीमा ढल मिसाउने अवस्थाको अन्त्य गर्नुपर्ने बताए ।
उपप्रधानमन्त्री सिंहले नदी सफा गर्नका लागि काठमाडौँ उपत्यका विकास प्राधिकरण, बागमती सभ्यता एकीकृत विकास समितिलगायतसँग छलफल गर्ने र लगानीको लक्ष्य र उद्देश्यअनुरुप प्रतिफल प्राप्त नभएको पक्षलाई विश्लेषण गर्न जरुरी रहेकामा जोड दिए ।
उपप्रधानमन्त्री सिंहले बुद्धनगरवासीले सानो भए पनि सकारात्मक कामलाई निरन्तरता दिएर रचनात्मक कामलाई जारी राखेको भनी अभियन्ता र सहभागीप्रति आभार प्रकट गर्दै बधाई दिए । उनले उक्त अभियानमा आबद्ध हुन सबैलाई आह्वान समेत गरे ।
अभियानबाट टोलवासीको मनमा सकारात्मक दियो बाल्ने प्रयास गरिएको र त्यो सफल भएको उल्लेख गर्दै मन्त्री सिंहले सरसफाइ अभियान २०७२ को भूकम्प अगाडि नै शुरु भई ५ सय २२ हप्ता पूरा गरेको जानकारी दिए ।
कार्यक्रमका अभियन्ता संविधानसभाका पूर्वसदस्य मोहनकुमार राईले सार्थक परिवर्तनका लागि सानै काम गरौँ भन्ने भावनाले प्रेरित भई बुद्धनगर सफाइ अभियान सञ्चालन गरेको र यसलाई १० वर्षसम्म निरन्तरता दिन सकिएको उनले बताए ।
थर्ड आई युथ क्लबका सुवास राईको समाजमा केही गरौँ भन्ने भावनाबाट यो अभियान सुरु गरी यसलाई हालसम्म निरन्तरता दिइएकाले दुनियाँले के भन्छ भन्ने कुरामा नलागी आत्मसन्तुष्टिका लागि काम गरिएको बताए । यसअघि बुद्धनगरस्थित सेतो गणेशस्थानबाट सुरु भएको सरसफाइ कार्यक्रमका सभापति समाजसेवी सप्तराज बज्राचार्यले सहभागी सबैलाई सरसफाइलाई निरन्तरता दिइ १० वर्ष पूरा गरेकामा धन्यवाद दिए । कार्यक्रममा बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछाने, कांग्रेस नेतृ सृजना सिंह र नेपाली कांग्रेस क्षेत्र नं १ का सभापति रविन्द्रविक्रम राणालगायत सहभागी थिए । रासस

# धमिलो पानीमा माछा मार्ने दुस्साहसः अध्यक्ष



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले मुलुकमा धमिलो पानीमा माछामार्ने दुस्प्रयास भइरहेको र त्यो सफल हुन नदिइने बताएका छन् ।
नेवाः राष्ट्रिय मुक्तिमोर्चाद्वारा शनिवार काठमाडौँको वसन्तपुरमा आयोजित खबरदारीसभामा उनले प्रतिगामी षड्यन्त्र र दुस्साहसलाई परास्त गरिने बताए । नेपालको लोकतान्त्रिक आन्दोलनलगायत परिवर्तनमा नेवार समुदायले खेलेको भूमिकाको प्रशंसा गर्दै अध्यक्ष दाहालले विभिन्न कारणले संविधान जारी हुनेबेला केही मुद्दा छाडे पनि माओवादी आफ्ना मुद्दाबाट पछि नहटेको धारणा राखे ।
पूर्वप्रधानमन्त्री दाहालले समाजवादको भ्रुण नेवार समुदायको इतिहास, भाषा, संस्कृतिमा र उत्पादनमा समेत रहेका बताए । उनले नेवार समुदायका संरचनामा नै नेपाली विशेषताको समाजवाद रहेको धारणा राखे । ‘नेवार समुदायको इतिहासको अध्ययनबाट मात्रै नेपाली विशेषताको समाजवादको यात्रा आरम्भ गर्न सकिन्छ । नेवार समुदायका कतिपय माग सम्बोधन गर्न आफ्नो सरकारको पालामा ठूलै सङ्घर्ष गर्नुपरेको थियो ।’
पूर्वप्रधानमन्त्री दाहालले भने –‘नेपाल सम्वतलाई राष्ट्रिय सम्वत् मेरै नेतृत्वमा घोषणा भयो । नेपाल भाषालाई सरकारी दस्ताबेजको भाषाका रूपमा प्रयोग गर्ने निर्णय भयो । हाम्रै सल्लाहमा प्रदेश सरकारले नेवारी र तामाङ भाषालाई सरकारी कामकाजको भाषा बनाउने निर्णय गरेको हो ।’ उनले नेवार समुदायको चाहना, संस्कृति, भाषा, इतिहास, आत्मनिर्णयको अधिकार र इतिहास हराउन नदिन माओवादी भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरे । रासस

# नेपाल बारमा नयाँलाई पदभार हस्तान्तरण

**काठमाडौँ ।**
नेपाल बार एसोसिएसनमा प्रा डा विजयकान्त मिश्रको नेतृत्वको नवनिर्वाचित कार्यसमितिलाई पदभार हस्तान्तरण गरिएको छ । बार एसोसिएसनद्वारा आयोजित वार्षिक साधारणसभा तथा पदभार हस्तान्तरण कार्यक्रममा यसअघिका अध्यक्ष गोपालकृष्ण घिमिरेको कार्यसमितिले नयाँ कार्र्यसमितिलाई पदभार हस्तान्तरण गरेको हो ।
बारको अध्यक्षसहित २७औँ केन्द्रीय कार्यसमिति चयनका लागि चैत २३ गते निर्वाचन भएको थियो । निर्वाचनमा बृहत लोकतान्त्रिक, प्रगतिशील, पेसागत, राष्ट्रवादी एवम् समावेशी कानून व्यवसायी समूहबाट वरिष्ठ अधिवक्ता मिश्र र व्यावसायिक कानुन व्यवसायी समूहबाट वरिष्ठ अधिवक्ता रमनकुमार श्रेष्ठबीच प्रतिस्पर्धा भएको थियो । निर्वाचनले बारमा २५ जना नयाँ कार्यसमिति चयन गरेको हो ।
पदभार हस्तान्तरण कार्यक्रममा नवनिर्वाचित अध्यक्ष मिश्रले नेपाल बारलाई राजनीतिबाट मुक्त तुल्याउने, वकिलहरूको पेसागत हकहितका लागि आवाज उठाउने साझा र बलियो संस्थाका रूपमा अघि बढाउने अभियानमा साथ सहयोगको अपेक्षा गरे । उनले भने, ‘निर्वाचनका बेला जारी गरिएको घोषणपत्र कार्यान्वयन, संस्थालाई राजनीतिबाट मुक्त, गतिविधिलाई पारदर्शी र नतिजा मूलक बनाउन नयाँ कार्यसमितिले ध्यान पु¥याउने छ ।’अध्यक्षका प्रत्यासी श्रेष्ठले निर्वाचनमा राजनीतिक दल र सरकारको प्रत्यक्ष असर पर्न नहुने धारणा राखे । उनले बारका निर्णय तथा गतिविधिमा राजनीतिक दल र सरकारको प्रभाव परेमा वा त्यस प्रकारका गतिविधि भएमा स्वीकार्य नहुने बताए । श्रेष्ठले भने, ‘बारले वकिलको हकहित र कतिपय सन्दर्भमा न्यायलयबारे उठ्दै आएको प्रश्नलाई स्वतन्त्रपूर्वक निष्कर्षमा पु¥याउन कोसिस गर्नुपर्छ ।’
वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा मन्तव्य राख्ने अन्य वक्ताले पूर्खाले आर्जेको प्रतिष्ठा र एकताको भावसहित निष्पक्ष वातारणमा काम गर्न नयाँ कार्यसमितिलाई सुझाव दिए ।

# ‘बुद्धको उपदेशलाई विश्व शान्तिको भावनामा विकास गर्नुपर्ने’

**गण्डकी ।**
गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले बुद्धको उपदेशलाई विश्व शान्तिको भावनामा विकास गर्नुपर्नेमा जोड दिएका छन् । लुम्बिनी विश्वविद्यालय, लुम्बिनी अनुसन्धान केन्द्रले पोखरामा बौद्ध सम्पदा, संस्कृति र साहित्यको अध्ययन अनुसन्धान केन्द्र स्थापनाको लागि आयोजित अन्तरक्रियात्मक गोष्ठीको उद्घाटन गर्दै उनले बुद्ध दर्शनलाई विश्वभर फैलाएर नेपालले लाभ लिन सक्नुपर्ने बताए ।
बुद्ध धर्म यस धर्ममा आस्था राख्नेको मात्र नभइ सबैका लागि एउटा दर्शन र सिद्धान्त रहेको उल्लेख गर्दै उनले बुद्ध शिक्षा जीवनको नैतिक मार्गदर्शक भएको उल्लेख गरे । बुद्ध शिक्षाको अनुसरण र परिपालना गर्न जरुरी रहेको भन्दै उनले बुद्धको सन्देशलाई आत्मसाथ गर्दै अगाडि बढ्नु अहिलेको आवश्यकता भएको उल्लेख गरे ।
बौद्ध दर्शनको अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यसहित २० वर्षअघि स्थापना भएको लुम्बिनी बौद्ध विश्वविद्यालय प्रकाण्ड बौद्धविद्वान उत्पादन गर्ने महत्वपूर्ण केन्द्रको रूपमा रहेको प्रदेश प्रमुख भट्टको भनाइ छ । सानो संरचनाबाट विश्वविद्यालयको स्वरुप देखिने चरणमा आइपुगेकोमा खुसी व्यक्त गर्दै उनले विश्व आकर्षणको केन्द्र भएको लुम्बिनीमा स्थापना भएको विश्वविद्यालयले नेपालमै लुम्बिनी र बुद्धप्रतिको चासोलाई बढाएको उल्लेख गरे ।
बौद्ध दर्शन विश्वका धेरै विश्वविद्यालयमा अध्ययन अध्यापन हुने भए पनि बुद्ध भूमिमा बसेर बौद्ध दर्शन अध्ययन गर्न पाउनु सुखद अवसर रहने उनको भनाइ छ ।
विश्वविद्यालयले ‘विद्यालयमा बौद्ध शिक्षा’ अभियानको थालनी गरेकोमा खुसी व्यक्त गर्दै उहाँले बुद्धलाई ढोग्न मात्रै होइन, ज्ञान आर्जनका लागि पनि लुम्बिनी आउनुपर्छ भन्ने मान्यताका साथ अघि बढेको विश्वविद्यालयलाई प्रगतिको कामना गरे । गण्डकीमा केन्द्र स्थापना गरी बौद्ध दर्शनसम्बन्धी अध्ययन अध्यापन गराउने कार्यको स्वागत गर्दै उनले गण्डकी प्रदेश सरकारले आवश्यक सहयोग, समन्वय गर्ने विश्वास व्यक्त गरे । रासस

# एक लाख बढी पर्यटकले दर्शन गरे सङ्ग्रहालय



**बागलुङ ।**
बागलुङ नगरपालिका–४ कुँडुलेस्थित शालिग्राम सङ्ग्रहालयमा धार्मिक पर्यटकको आकर्षण बढेको छ । एकै ठाउँमा सङ्ग्रहित गरेर राखेको सवा लाख शालिग्राम अवलोकनका लागि आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन् । विश्वमै दुर्लभ मानिने शालिग्राम शिलालाई १०० मिटर सुरुङभित्र संरक्षण गरेर राखिएको छ ।

पछिल्लो समय तीव्ररुपमा प्रचारप्रसार हुँदा पर्यटक बढेका हुन् । नेपालको विभिन्न स्थानसँगै दक्षिण भारतबाट बढी पर्यटक शालिग्राम सङ्ग्रहालयमा आउने गरेको सङ्ग्रहालयका संरक्षक ऋषि प्रपन्नचार्यले जानकारी दिए । उनका अनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा चालु वर्ष झण्डै ५० हजार बढी धार्मिक पर्यटक सङ्ग्रहालयमा आएका छन् ।

गत वर्ष एक लाख पर्यटक यहाँ आएकोमा चालु आवको १० महिनामा एक लाख ५० हजार पर्यटक सङ्ग्रहालयमा आएको ऋषि प्रपन्नचार्य बताउछन । शालिग्राम सङ्ग्रहालय चार वर्षदेखि सर्वसाधारणलाई खुला गरिएको थियो । पछिल्लो समय मुस्ताङको मुक्तिनाथ पुग्ने धार्मिक पर्यटक सङ्ग्रहालयमा आउने गरेको उनको भनाइ छ । ऋषि प्रपन्नचार्यले भने, ‘सङ्ग्रहालयको विस्तारै प्रचार हुँदैछ, विगतको तुलनामा अहिले यहाँ पर्यटकको आगमन ठूलो संख्यामा बढेको छ, अझै बढ्दै जाने हामीहरुले आकलन गरेका छौँ, अहिले दक्षिण भारतबाट आउनेको संख्या अझ बढी छ, प्रचारप्रसार पनि हुँदै गएको छ, यहाँ घुम्न आएका सबै सङ्ग्रहालयमा पस्दैनन्, मन्दिर अवलोकन गरेर जाने गरेका छन् ।’

त्रिशूल आकारमा सुरुङभित्र शालिग्राम सङ्ग्रहालयसहित त्रिवेणीधामदेखि दामोदरकुण्डसम्मको नक्सा, विभिन्न मठमन्दिरका आकृति बनाइएको छ । सङ्ग्रहालयमा ससाना शालिग्रामदेखि ३०० किलोसम्मको शालिग्राम छन् । सङ्ग्रहालयको प्रवेशद्वार बाघको मुखको आकृतिबाट बनाएपछि सङ्ग्रहालय अहिले बाघको मुखभित्र रहेको छ ।

गैँडाकोटबाट घुम्न आउनुभएका तुल्सीराम सापकोटाले यसरी एकै ठाउँमा सवा लाख शालिग्राम अन्य कुनै ठाउँमा अवलोकन गर्न नपाइने बताए । पारिवारिक भ्रमणका क्रममा बागलुङ आएको सुनाउँदै सङ्ग्रहालय निकै आकर्षक रहेको उनको भनाइ छ । सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा शालिग्राम सङ्ग्रहालयको बारेमा धेरै फोटो भिडियो देखेको हुँदा घुम्न आएको सुनाए ।

नवलपरासीबाट घुम्न आउनुभएकी मेनुका पौडेलले शालिग्रामको दर्शन गर्दा मनोकांक्षा पूरा हुने विश्वासले परिवारसहित दर्शन गर्न आएको सुनाए । ढोरपाटन, बागलुङ कालिका घुम्दै शालिग्रामको दर्शन गर्न पाएको उनको भनाइ छ । पौडेलले धेरै पहिला सामान्य खालको शालिग्राम दर्शन गरे पनि एकै ठाउँमा यति धेरै नदेखेको सुनाए । रासस

# पर्यटन प्रवर्द्धनमा आकर्षक ‘प्याकेज’ जरुरी

**काठमाडौँ ।**
नेपालको पर्यटन विकास र प्रवर्द्धनका लागि नीतिगत र संरचनागत सुधार जरुरी रहेको विज्ञ एवं सरोकारवालाहरुले औंल्याएका छन् । विदेशी पर्यटकको संख्या बढाउन र उनीहरुको नेपाल बसाई लम्ब्याउन नवीन गन्तव्यको प्रवर्द्धन गरी आकर्षक पर्यटकीय ‘प्याकेज’ पस्कनुपर्ने उनीहरुको सुझाव छ ।



आइएचएम कलेजको आठौँ वार्षिकोत्सवको अवसरमा आयोजित ‘पोलिसी कन्क्लेभ’ को प्यानल छलफलमा सहभागी पर्यटन विज्ञ एवं सिटीइभिटीका पूर्व सदस्यसचिव डा रामहरि लामिछानेले विदेशी पर्यटकलाई आकर्षण गर्न नेपालको आतिथ्य सेवालाई गुणस्तरीय बनाईनुपर्नेमा जोड दिए । उनले परम्परागत तौरतारिकाको पर्यटन प्रवद्र्धनले आजको समयमा सान्दर्भिक नहुने जनाउँदै डिजिटल प्रवद्र्धन र स्तरीय पर्यटकीय ‘प्याकेज’ घोषणा गरिनुपर्ने खाँचो औंल्याए । पूर्व सदस्य सचिव डा लामिछानेले नेपालमा उत्पादित दक्ष जनशक्तिलाई स्वदेशमै रोजगारी सुनिश्चितताका लागि सरोकारवालाले विशेष ध्यान दिनुपर्ने बताए ।

अर्का प्यानलिस्ट पर्यटन ‘विट’मा कलम चलाउने पत्रकार सिबी अधिकारीले नेपालमा विदेशी पर्यटक आगमन सुधार्न र उनीहरुको बसाई र खर्च लम्ब्याउन नीतिगत सुधारका साथै नयाँ पर्यटकीय उपजहरुको विकास गर्न जरुरी भएको बताए । उनले भने, ‘पर्यटकीय पूर्वाधारको भरपुर उपयोग गर्दै दिगो पर्यटन विकासका लागि सरकार र निजी क्षेत्रको साझेदारितालाई फराकिलो बनाएर लैजानुपर्छ ।’

हस्पिटालिटी गाइड्सका प्रमुख कार्यकारी अधिकृत सुराच प्रसाईले पर्यटन क्षेत्रका जल्दाबल्दा विषयलाई आगामी बजेटमा कसरी समेट्ने र विगतका कमजोरीलाई सच्याएर अगाडि बढ्ने सोचकासाथ कार्यक्रम गरिएको बताए । दोस्रो शत्रको प्यानल छलफलमा सहभागी रमदा इन्कोर होटलका महाप्रबन्धक महेस फुँयालले आतिथ्य उद्योगको लगानी र उत्पादित जनशक्तिको उपयोगका लागि नीतिगत सुधार जरुरी भएको औंल्याए ।

रोयल टुलिफ काठमाडौँ होटलका महाप्रबन्धक बलराम पाठकले होटल पूर्वाधारको लगानीको प्रतिफल सुनिश्चित गर्न र दक्ष जनशक्ति उत्पादनतर्फ सबै गम्भीर हुनुपर्ने धारणा राखे ।

कार्यक्रममा सोल्टी होटलका ‘क्लस्टर ह्युमन रिसोर्स म्यानेजर’ खेम पौडेल, सोल्टकी लर्निङ डेभलपमेन्ट क्लस्टर डिरेक्टर’ डा रुपेश श्रेष्ठ, आइएचजी होटल ग्रुपका लर्निङ एन्ड क्वालिटी म्यानेजर भिलास खत्री, हस्पिटालिटी विज्ञ रविन्द्र सिंह, प्रनिसा ढुंगेललगायतले हस्पिटालिटी क्षेत्रमा देखिएका चुनौति र सरोकारपक्षका जिम्मेवारीका विषयमा आफ्नो विचार व्यक्त गरेका थिए ।

सहभागीहरुले नेपालमा विदेशी पर्यटक आगमन बढाउन नीतिगत सुधारका साथै, गुणस्तरीय पर्यटकीय सेवाको सुनिश्चिता, हवाई भाडा सहज बनाउने, सडकसञ्जाललाई चुस्त दुरुस्त बनाउने र नयाँ गन्तव्यहरुको पहिचान र समयसापेक्ष प्रवद्र्धनजस्ता विषयमा ध्यान पुर्याइनुपर्नेमा जोड दिए । आगामी बजेटमा नीतिगत संशोन, पर्यटन क्षेत्रका मूल मुद्दा, उद्योगको प्रवद्र्धनका साथै राष्ट्रिय प्राथमिकताप्राप्त पर्यटकीय आयोजनालाई प्राथमिकता दिनुपर्ने सुझाव दिए । रासस

# ताइवानी सेनामा चिनियाँ जासुसको रहस्योदघाटन

**ताइपेइ ।**
चीनको बिरूद्ध चेतावनी दिएकोमा ताइवानका लागि दुर्भाग्य भएको छ । एकातिर चीनले ताइवानको सिमानालाई कडाइका साथ घेर्न सुरू गरेको छ भने अर्को तर्फ ताइवान आफ्नै सैन्य अभ्यासमा लगातार असफलसमेत भइरहेको छ । कतिसम्म भने पछिल्लो २ दिनमा ताइवानसँग दुईवटा ठूला अप्रिय घटना घटेका छन । पहिलो स्क्यान्डल जासुसीसँग सम्बन्धित छ र दोस्रो दुर्भाग्य लडाकु विमानसँग सम्बन्धित रहेको अन्तराष्ट्रिय सञ्चारमाध्यमले लेखेका छन् ।

यी दुर्भाग्यपुर्ण दुई ठूला घटना पछि ताइवानमा एक्कासी सन्नाटा छाएको छ भने भित्र भित्रै चीन भने खुसी देखिएको छ ।

त्यसो त, यसअघि नै दुई देशको द्वन्द्वका बीच चीनले ताइवानलाई पूर्ण रूपमा घेरेर राखेको अवस्था छ । खासमा चीनले क्वाडोङ टापु नजिकै समुद्रको बीचमा आफ्नो आणविक पनडुब्बी तैनाथ गरिसकेको छ । यी पनडुब्बीको सहयोगमा चीनले ताइवानलाई नक्साबाट मेटाउन सफल हुने देखिएको छ र उसको योजना अनुसार चीनमा गाभ्नका लागि थप सहज हुने भएको छ ।

उता, यसबाहेक चीनले ताइवान छिर्ने मुख्य मार्गको रूपमा रहेको प्रशान्त महासागरमा ३ हजार किलोमिटरसम्म घेराबन्दी गरेको छ । जसका कारण अमेरिकाले ताइवानलाई आफ्नो थप हतियार सहयोग समुन्द्री मार्गवाट अब सजिलै पु¥याउन सक्ने छैन् । यसको मतलब चीनले ताइवानमाथि आक्रमण ग¥यो भने अमेरिकाले केही गर्न सक्दैन् भन्ने बुझ्न कुनै गारहो नभएको समाचारमा उल्लेख छ। चीनले अमेरिकाले कुनै पनि हालतमा ताइवानलाई बचाउन नसक्ने बताइसकेको छ। किनभने, अमेरिका ताइवानको सबैभन्दा ठूलो सहयोगी राष्ट्र हो । यसैबीच, ताइवानमा २ दिनमा दुईवटा ठूला झट्का लागेको छ । उसलाई पहिलो धक्का तब लाग्यो, जब उनको गुप्तचर एजेन्सीले ६२ जना चिनियाँ नागरिक सेनाको उच्च पदमा राखेको थाहा पायो, यो गत बिहीबार मात्रै ६२ चिनियाँ सैनिक अधिकारीको पहिचान ताइवानले गरेको हो । ताइवान सरकारले अब यी सैनिकहरूलाई तैनाथ गर्नुको उद्देश्य के थियो भनेर अनुसन्धान गरिरहेको छ । यो रहस्य खुलेपछि ताइवानका राष्ट्रपतिले भनेका छन्, ‘ताइवानको सेनामा अब पनि कति चिनियाँ छन् भनेर पनि पत्ता लगाउँदैछौं ।’

दोस्रो झट्का भनेको त्यसको भोलीपल्ट अर्थात शुक्रबार मिराज लडाकु विमानले धावनमार्गमा उडान भर्न नसकेपछि लागेको हो । प्राविधिक समस्याका कारण मिराज उडान गर्न नसकेको रक्षा विज्ञहरूले बताएका छन । ताइवानसँग हाल ६२ मिराज लडाकु बिमान छन्। जुन मिराजलाई ताइवानले फ्रान्सबाट किनेको थियो । १९९७ मा ताइवानले ती सबैलाई आफ्नो सैन्य सम्पत्तिको रूपमा राखिरहेको थियो । तर, त्यसले पनि उडान भर्न नसके पछि ताइवान थप तनावमा परेको अवस्था छ । एजेन्सी

# पाकिस्तानी विदेशमन्त्रीद्वारा अफगानिस्तान भ्रमण

**काबुल**
पाकिस्तानका विदेशमन्त्री इशाक डार शनिबार अफगानिस्तानको राजधानी काबुल पधार्नुभएको छ । पाकिस्तानबाट हालै तीव्र रूपमा अफगान नागरिकहरूको स्वदेश फिर्ती भइरहेको सन्दर्भमा उहाँले तालिबान सरकारका वरिष्ठ पदाधिकारीहरूसँग उच्चस्तरीय भेटवार्ता गर्नुहुने कार्यक्रम रहेको छ । पाकिस्तानी सरकारद्वारा हालै सुरु गरिएको अभियान अन्तर्गत, अप्रिल महिनाको अन्त्यसम्म आठ लाखभन्दा बढी अफगान नागरिकहरूलाई फिर्ता पठाउने प्रक्रिया अगाडि बढाइएको छ । तीमध्ये केही दशकौँदेखि पाकिस्तानमा स्थायी बसोबास गर्दै आएका वा त्यहीं जन्मिएका व्यक्ति पनि समावेश छन् । यस अभियानका कारण दैनिक सयौँ अफगान परिवारहरू सिमानातर्फ फर्किन बाध्य छन् । कतिपयलाई पक्राउ वा परिवारसँग छुट्टिने डर छ, जसले स्थिति झनै संवेदनशील बनाएको छ ।

सम्माननीय विदेशमन्त्री डारज्यूको स्वागत काबुल विमानस्थलमा अफगानिस्तानका परराष्ट्र मन्त्रालयका सहायक मन्त्री मोहम्मद नईमज्यूले गरेका थिए ।पाकिस्तानका उपगृहमन्त्री महामहिम तलाल चौधरीज्यूले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा फिर्तीको म्यादमा कुनै किसिमको लचकता वा समयावधि विस्तार नगरिने स्पष्ट पारे । उनले अवैध रूपमा बसोबास गर्ने व्यक्तिहरूबाट सुरक्षामा चुनौती उत्पन्न हुने सम्भावनाको पनि उल्लेख गरेको छ ।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी निकायका अनुसार, अप्रिल महिनाको प्रारम्भदेखि हालसम्म पाकिस्तानबाट अफगानिस्तान फर्किनेहरूको आधाभन्दा बढी बालबालिका रहेका छन् । यसरी फर्किने नागरिकहरू एक यस्तो मुलुकमा प्रवेश गर्दैछन् जहाँ शिक्षामा तथा रोजगारीमा महिला र किशोरीहरूका लागि गम्भीर प्रतिबन्धहरू लागु छन् ।

अफगानिस्तानका शरणार्थी मामिलासम्बन्धी मन्त्रालयका प्रवक्ताका अनुसार अप्रिल १ देखि १८ सम्म ७१ हजार भन्दा बढी नागरिकहरू दुई प्रमुख नाका हुँदै स्वदेश फर्किसकेका छन् ।

यसैबीच, पाकिस्तानमा झण्डै ३० लाख अफगान नागरिक शरण लिइरहेका छन् । दोस्रो चरणको अभियान अन्तर्गत, करिब आठ लाख नागरिकहरूको बसोबास अनुमति रद्द गरिएको छ ।

यस संवेदनशील विषयमा दुवै देशका उच्चपदस्थ प्रतिनिधिहरूबीच कूटनीतिक संवाद जारी रहँदा, मानवीय पक्षलाई उच्च प्राथमिकता दिइने अपेक्षा गरिएको छ । एएफपी

# आलु खेती गरिने क्षेत्र र उत्पादन वृद्धि

**नवलपरासी ।**
नवलपरासी–बर्दघाट सुस्तापूर्वमा चालु आबमा ५९ हजार १२० मेट्रिकटन आलु उत्पादन भएको छ । कृषि ज्ञान केन्द्रका अनुसार जिल्लामा यस वर्ष आलु खेती गरिने क्षेत्र र उत्पादनसमेत बढेको छ ।

जिल्लामा यस आर्थिक वर्षमा तीन हजार २१६ हेक्टर क्षेत्रफलमा आलु खेती भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी विश्वास काफ्लेले बताउनुभयो । गत वर्षको तुलनामा यस वर्ष खेती गरिने क्षेत्र र उत्पादनसमेत बढेको उनले बताए ।

‘गत आर्थिक वर्ष तीन हजार २०५ हेक्टर क्षेत्रफलमा आलु खेती हुँदा ५८ हजार ४१३ मेट्रिकटन उत्पादन भएको थियो,’ उनले भने, ‘गत आवको तुलनामा यस वर्ष ११ हेक्टर क्षेत्रफल बढेको छ भने ७०७ मेट्रिकटन आलु धेरै उत्पादन भएको छ ।’

नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा विगत चार वर्षदेखि आलु खेतीतर्फ किसानको आकर्षण बढ्दै गएको कृषि ज्ञान केन्द्रका प्रमुख कुलप्रसाद तिवारीले बताए । कृषि ज्ञान केन्द्रको तथ्याङ्कअनुसार पछिल्लो चार वर्षमा जिल्लामा आलु खेती १०१ हेक्टर क्षेत्रफल बढेको छ । क्षेत्रफल बढेसँगै आलुको उत्पादन पनि वृद्धि भएको प्रमुख तिवारीले बताए ।

‘जिल्लामा आर्थिक वर्ष २०७८–७९ मा तीन हजार १ सय १५ हेक्टर क्षेत्रफलमा आलु खेती भएको तथ्याङ्क रहेको छ भने त्यो क्षेत्रफल चालु आव २०८१–८२ सम्म १ सय १ हेक्टरले बढेर तीन हजार २ सय १६ हेक्टरमा विस्तार भएको छ,’ उनले भने, ‘उत्पादन पनि आव २०७८–७९ मा ५० हजार १५२ मेट्रिकटन भएकोमा त्यसमा आठ हजार ९ सय ६८ मेट्रिकटनले वृद्धि भएर ५९ हजार १ सय २० मेट्रिकटन वार्षिक उत्पादन हुन थालेको छ ।’

जिल्लामा व्यावसायिक आलु खेती गर्ने किसानको संख्या प्रत्येक वर्ष बढेको कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा देखिएको छ । पछिल्लो चार वर्षको आलु खेती गरिने क्षेत्रफल र उत्पादन हेर्दा प्रत्येक वर्ष वृद्धि हुँदै गएको देखिएको कृषि ज्ञान केन्द्रका कृषि बाली विज्ञ सञ्जय ढकालले बताए । ‘आलु उत्पादनका हिसाबले नवलपरासी (बर्दघाट सुस्तापूर्व) आत्मनिर्भर रहेको छ,’ उनले भने, ‘सरकारी तहबाट लगानी वृद्धि हुँदा कृषक आलु खेतीतर्फ आकर्षित भएका छन् ।’

कृषि ज्ञान केन्द्रले चालु आवमा समुदायस्तमा प्रशोधनयोग्य र खायन आलु प्रवद्र्धनको लागि कुल एक करोड ८५ लाख रकम विनियोजित गरेको थियो । आलुको बीउको लागि कृषि ज्ञान केन्द्रले ३१ वटा समूह एवं सहकारीलाई ६५ प्रतिशत अनुदानमा करिब ८० लाख बराबरको अनुदान प्रदान गरेको कृषि बाली विज्ञ ढकालले जनकारी दिए ।

जिल्लाको मध्यविन्दु र कावासोती नगरपालिका एवं हुप्सेकोट गाउँपालिका क्षेत्रमा आलु राम्रो उत्पादन हुने गरेको छ । सो क्षेत्रमा व्यावसायिक रूपमा आलु उत्पादन गर्ने कृषक र कृषि समूहको संख्या उल्लेख्य रहेको कृषि ज्ञान केन्द्र नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताए । किसानले उत्पादन गरेको आलु स्थानीय बजारका साथै बुटवल, नारायणगढ र काठमाडौँलगायतका सहरमा जाने गरेको छ ।

# छ वर्षपछि नेपालगञ्ज रङ्गशालामा खेलकुदको रौनक

**बाँके ।**
लामो समयपछि नेपालगञ्जमा सुरु भएको अन्तरराष्ट्रियस्तरको लुम्बिनी कप महिला फुटबल प्रतियोगिताले रङ्गशालामा रौनक थपिएको छ ।




बाँकेमा आठौँ राष्ट्रिय खेलकुद पछि करिब छ वर्षसम्म ठूलो प्रतियोगिता हुन नसक्दा अलपत्र रहेको नेपालगञ्ज रङ्गशालामा लुम्बिनी कप फुटबलले खेलकुदको रौनक ल्याएको बाँके जिल्ला फुटबल सङ्घका अध्यक्ष भोजराज शाहीले बताए ।

‘लुम्बिनी कप अन्तरराष्ट्रिय आमन्त्रण महिला फुटबलका लागि रङ्गशालालाई चिटिक्क पारिएको छ, आठौँ राष्ट्रिय खेलकुदपछि ठूलो प्रतियोगिता नेपालगञ्ज रङ्गशालामा भएकाले स्थानीय खेलाडी तथा फुटबलप्रेमीमा खुसी छाएको छ,’ अध्यक्ष शाहीले भने, ‘नियमति रुपमा ठूला खेलकुद प्रतियोगिता हुनसके नेपालगञ्ज रङ्गशालाको रौनक अझै बढ्दै जानेछ ।’

अन्तरराष्ट्रियस्तरको प्रतियोगिता भएकाले लुम्बिनी कप महिला फुटबललाई लक्षित गरी केही महिनादेखि नै रङ्गशालाको सजावट थालिएको थियो । नियमित पानी राख्दा दुबो पलाएर यतिबेला रङ्गशालामा हरियाली छाएको लुम्बिनी कप महिला फुटबल प्रतियोगिताको आयोजक अन्तरालाका प्रमुख कार्यकारी जयनारायण शाहले बताए । विगतमा सरसफाइ र मर्मतमा उचित बजेट नहुँदा जीर्ण बन्दै गएको यो रङ्गशालामा नियमित अभ्यास हुन सकेको थिएन । आठौँ राष्ट्रिय खेलकुदपछि पहिलोपटक प्रतियोगिता सुरु भएपछि रङ्गशालामा चहलपहल बढेको साविक मध्यपश्चिम खेलकुद विकास समितिका अध्यक्ष भीम ओलीले बताए ।

आठौँ राष्ट्रिय खेलकुदका बेला रोपिएको ४० लाख रुपैयाँको बर्मुडा दुबोको नामोनिसान मेटिए पनि दैनिक स्याहार गर्दा स्थानीय दुबो पलाएर अहिले नेपालगञ्ज रङ्गशाला आकर्षक देखिएको छ । जिल्ला फुटबल सङ्घ बाँकेको सहकार्यमा शुक्रबार सुरू भई वैशाख १२ गतेसम्म चल्ने ‘लुम्बिनी कप अन्तरराष्ट्रिय आमन्त्रण महिला फुटबल’ प्रतियोगितामा भारतको सिलगुडीसहित आठवटा टिमको सहभागिता रहेको छ ।

प्रतियोगिताको विजेता समूहले पाँच लाख पाँच हजार ५ सय ५५ रुपैयाँ र उपविजेता समूहले दुई लाख ५० हजार रुपैयाँ, ट्रफी, मेडल प्राप्त गर्ने आयोजक अन्तरालका प्रमुख कार्यकारी शाहले जानकारी दिए । रासस

# कङ्गोमा डुङ्गामा आगलागी हुँदा १४३ जनाको मृत्यु

कङ्गो
डेमोक्र्याटिक रिपब्लिक अफ कङ्गोमा इन्धन बोकेको डुङ्गामा आगलागी हुँदा कम्तीमा १४३ जनाले ज्यान गुमाएका छन् भने धेरैजना अझै बेपत्ता रहेका छन् ।

यो दुखद दुर्घटना इक्वेटोर प्रान्तको राजधानी म्बान्डाका नजिकै, विश्वकै सबैभन्दा गहिरो र विशाल कङ्गो नदीको सङ्गमस्थलमा भएको हो ।

स्थानीय नागरिक समाजका नेता जोसेफ लोकोन्डोका अनुसार, केही व्यक्तिको मृत्यु आगोमा जलेर र केहीको डुबेर भएको पुष्टि भएको छ । उनले मृतक संख्या १४५ पुगेको अनुमान गरेका छन ।

डुङ्गामा खाना पकाउने क्रममा लागेको आगो इन्धनमा फैलिँदा ठूलो विस्फोट भई आगलागी भएको बताइएको छ ।

सामाजिक सञ्जालमा सार्वजनिक भिडियोहरूमा डुङ्गाबाट आगो सल्किरहेको र धुवाँ निस्किरहेको देखिन्छ । डुङ्गा किनाराबाट टाढा फसेको अवस्थामा देखिएको छ ।

घाइतेहरूलाई उद्धार गरी अस्पतालमा उपचारको लागि पठाइएको जनाइएको छ । धेरै परिवारहरू आफ्ना प्रियजनहरूको अवस्थाबारे अझै अनविज्ञ रहेको पनि लोकोन्डोले बताए ।

प्रभावित परिवारहरूप्रति हार्दिक समवेदना व्यक्त गर्दै, स्थानीय अधिकारीहरूले आवश्यक उद्धार तथा राहत कार्य तीव्र रुपमा अगाडि बढाइरहेका छन् । एएफपी

# पूजाको हत्यामा संलग्न दोषीलाई कारबाही गर्न माग

**काठमाडौँ ।**
समन्यायिक समाज नेपालले सप्तरी सुरुङ्गा–७ हरिपुर रामकोटकी १८ वर्षीया पुजाकुमारी रामको हत्यामा संलग्न दोषीलाई कानुनबमोजिम कारबाही गर्न सरकारसँग माग गरेको छ । समाजका अध्यक्ष भक्त विश्वकर्माले जारी गरेको प्रेस विज्ञप्तिमा पूजाकुमारी घरबाट राति एक्कासि बेपत्ता भएपश्चात् घरदेखि एक किलोमिटर दक्षिणतर्फ तिनगक्षियोंमा यही वैशाख २ गते मङ्गलबार मृत भेटिएको घटनाका दोषीलाई कारबाही गर्न माग गरिएको हो ।
समाजले दलित महिलामाथि हुने यौन हिंसा र त्यसले जन्माएको मृत्युको दुःखद् घटनाप्रति विरोध गर्दै उक्त घटनामा संलग्न दोषीलाई अविलम्ब पक्राउ गरी हदैसम्मको कानुनी कारबाही गर्न तथा पीडित परिवारलाई उचित राहत र क्षतिपूर्ति दिन नेपाल सरकार, प्रहरी प्रशासनसमक्ष माग गरेको छ । त्यसैगरी, समाजले सिरहा जिल्ला नवराजपुर गाउँपालिका–३ जगतपुर, दोनवारी टोलकी २४ वर्षीया आनन्दीदेवी सदाय माथि यौन दुव्र्यवहार तथा बलात्कार प्रयासपश्चात् आफ्नै माइतीघरमा झुन्डिएको अवस्थामा यही वैशाख ३ गते मृत फेला परेको घटनाका दोषीलाई कारबाही गर्न माग गरेको छ ।
पीडितले युवा २२ वर्षीय सञ्जीवकुमार यादव र ३२ वर्षीय श्यामसुन्दर यादवले जबर्जस्ती करणी गर्न प्रयास गरेपछि प्रहरीमा उजुरी दिएको तर प्रहरीले जाहेरी लिन नमानेको देखिएको छ । उक्त घटनाको गम्भीर अध्ययन गरी दोषीलाई कारबाही गर्न समाजको आग्रह छ । रासस

# सडक कालोपत्र हुँदा किसानलाई सहज

**इलाम ।**
सूर्योदय नगरपालिकामा स्थानीय सडक ३३३ वटा छन् । ‘ए’, ‘बी’, ‘सी’ र ‘डी’ गरी चार प्रकारमा छुट्याइएका ती सडक १३ दशमलव ५ किलोमिटर कालोपत्रे, ८३ दशमलव ८ किलोमिटर ग्राभल र ६ सय ६८ दशमलव ९३ किमी कच्चि(माटे) बाटो रहेको नगरपालिकाका सिभिल इञ्जिनियर कविन सापकोटाले बताए ।
नगरपालिकाले आफ्नो नगरभित्रका सडकलाई १२ महिना सवारीसाधन सञ्चालन गर्ने गरी निर्माण गर्ने योजनाअनुसार चार वर्षअघि नगरस्तरीय सडक सञ्जाल गुरुयोजना बनाएको थियो । गुरुयोजनाअनुसार २८ वर्षमा नगरभित्रका सडक निर्माण भइसक्ने उल्लेख छ । हालसम्म १३ दशमलव पाँच किमी कालोपत्रे, ८३ दशमलव ०८ किमी ग्राभल गरिएको छ भने ६६८ दशमलव ९३ किमी सडक स्तरउन्नतीको क्रममा रहेको नगरप्रमुख रणबहादुर राईले बताए । उनका अनुसार, नगरपालिकाभित्र स्ट्राटेजिक रोड नेटवर्क(एसआरएन) अन्तर्गतका ठूला तीन सडक छन् । जसअनुसार पर्ने मेची राजमार्ग, फिक्कल–पशुपतिनगर र छिपिटार–श्रीअन्तु सडकको कालोपत्रे ४८ दशमलव २० किमी, ग्राभल २ दशमलव ४५ किमी र माटेबाटो २ दशमलव ४१ किमी पर्छ । सूर्योदयमा डिस्ट्रिक्ट रोड केयर नेटवर्क (डीआरसीएन) अन्तर्गत १० दशमलव ८३ किमी कालोपत्रे, १६ दशमलव १२ किमी ग्राभल र ३६ दशमलव ५६ किमी मोटर बाटो छन् ।
सडकको व्यवस्थित र योजनावद्ध तरिकाले निर्माण गरी जनताको जिवनस्तर सुधार गर्न नगरस्तरीय सडक सञ्जाल गुरुयोजना बनाइएको नगरप्रमुख राईको भनाइ छ । ‘पुरानै शैलीमा सडक निर्माणका काम गरिए नगरभित्रका सडक पुरै ग्राभेल गर्न १ सय २८ वर्ष लाग्ने देखियो,’ उनले भने, ‘जनताका घरमा पुग्ने सडकको व्यवस्थित तरिकारले स्तरोउन्ती गर्ने कामका लागि गुरुयोजना बनाएरै सडक पूर्वाधार निर्माण सुरुआत गरेका थियौँ । अहिले काम धमाधम छ ।’
सूर्योदय–१ मकरजुङ्का ९३ वर्षीय तुलसीराम अधिकारीलाई आगन छेउको बाटो कालोपत्रे भइरहेको देख्दा सपनाजस्तै लागेको छ । बाटोको डिलमा उभिएर निर्माण नियाल्दै उनले भने, ‘हाम्रो गाउँको बाटो यतिको काइदा हुन्छ भन्ने कल्पना पनि थिएन । सपना होकी जस्तो लागिरहेको छ ।’ उनीमात्र होइन हिलो, धुलो र खाल्डाखुल्डीले आजित भएका गाउँका नागरिक स्थानीय सरकारले बाटो कालोपत्रे गर्न सुरु गरेपछि उत्साहित देखिएका छन् ।
सूर्योदय नगरपालिकाका प्रत्येक वडामा एक–एक वटा ‘अल वेदर’ सडक छन् । वडाका सबै गाउँमा जाडिने मुख्य बाटोका रूपमा रहेका ती सडकलाई प्राथमिकतामा राखेर स्तरउन्नति गर्दै आएको नगरपालिकाले यतिबेला उक्त सडक कालोपत्रेको चरणमा पुर्‍याएको छ । गाउँमा सडक धमाधम कालोपत्रे हुन थालेपछि यहाँका स्थानीय उत्साहित भएका हुन् ।
स्थानीय तहको निर्वाचनपछि जनप्रतिनिधिले एक वडा एक ग्राभल सडक निर्माणलाई प्राथमिकता दिएपछि सूर्योदयका १४ वटै वडाका एक–एक वटा सडक ग्राभेल गर्ने काम हुँदै हाल कालोपत्रेको चरणमा आएको नगरपालिकाका सिभिल इञ्जिनियर सापकोटाले बताए । नगरभित्रका सडक २७ वर्षभित्र ग्राभेल गर्नका लागि हरेक पाँच वर्षमा ५९ करोड रुपैयाँ खर्च नगरपालिकाले गर्नुपर्ने हुन्छ । यो रकम सडकको सर्भे, वातावरण संरक्षण, सडक चौडा र सडक स्तरउन्नतीमा लाग्ने खर्च हो । पाँच वर्षमा ५९ करोडको ५ प्रतिशत वातावारण संरक्षण, ५ प्रतिशत सर्भे ढाँचा, १५ प्रतिशत सडक चौडा र ७५ प्रतिशत सडक ग्राभेलमा खर्च हुने गुरुयोजनामा उल्लेख छ । अहिलेको दररेट अनुसार नगर क्षेत्रका सडक ग्राभेलका लागि तीन अर्ब २० करोड २७ वर्षभित्र खर्च गर्नुपर्ने छ ।
गाउँ–गाउँमा सडक कालोपत्रे हुन थालेपछि यहाँका कृषि उपज बजारसम्म पुर्याउन किसानलाई सहज भएको छ । सूर्योदय–१ का सन्तोष बजगाईं गाउँमा उत्पादित कृषिउपज सङ्कलन गरेर भारतीय सीमाक्षेत्र मानेभञ्ज्याङ बजारमा बिक्री गर्न लैजान्छन् । पैदल यात्रा गर्न करिब तीन घन्टा लाग्नेमा सडक बनेपछि अहिले उहाँलाई बजार पुग्न सहज भएको छ । ‘बाटो अप्ठ्यारो हुँदा घोडामा तीन–चार घन्टासम्म लाग्थ्यो । अहिले बाटो सजिलो भएको छ । घोडाले नाल झार्छ भन्ने पीर छैन । बर्खामा पनि गाडीमा जान सकिने भएको छ,’ उनले भने । विगतमाभन्दा ग्रामीण क्षेत्रका किसानलाई बजार पुग्न, विद्यार्थीलाई विद्यालय आवतजावत गर्न र बिरामीलाई तत्काल अस्पताल पुग्न सजिलो भएको स्थानीयको भनाइ छ ।
स्थानीय रबिन सापकोटाले भने, ‘एकैपटक सबै विकास सम्भव छैन । २८ वर्षमा सफलता हात पर्ने गरी दिगो विकासको लक्ष्य लिएर नगरपालिकाले काम गरिरहेको छ ।’ किसानले दुःख गरेर उत्पादन गरेका उपजले सडक अभावकै कारण बजार नपाउने समस्याको अन्त्य भएको किसान बताउँछन् । कृषक ख्यामराज रिजालले भने, ‘हामीले बर्खामा बाटो नहुँदा कति दुग्धजन्य उत्पादन त्यसै पोखेका थियौँ । हाम्रा टमाटर बजारसम्म पुग्न नपाएर धेरै कुहिएका थिए । त्यो समस्याबाट मुक्ति पाएका छौँ ।’
जथाभावी बाटो विस्तार गर्ने तर समयमा निर्माण सम्पन्न नहुँदा पहाडी क्षेत्रका बासिन्दालाई हिलो, चिप्लो र पहिरोको त्रास भइरहने स्थानीयको भनाइ छ । सूर्योदय नगरपालिकाले एक वडा एक अलवेदर सडकको अवधारणा ल्याएर दिगो विकासको काम गरिरहँदा सेवाग्राहीले लाभ लिन थालेको स्थानीय गोविन्द सापकोटा बताउँछन् । ‘अबको २४ वर्षमा सबै वडामा कालोपत्र पुग्नेगरी नगरपालिकाले काम गरेको देखिन्छ, ’उनले भने, ‘हाम्रा लागि नभए पनि छोरानातीको पालामा सुविधासम्पन्न गाउँ बन्नेछ ।’ दीर्घकालीन विकासको यात्रामा लम्किएको सूर्योदयलाई अब दोस्रो पुस्ताले दुई दशकपछि सम्झिएर धन्यवाद दिने उनले बताए ।
बाटो बनाउन उपकरण प्रयोग गरेर काम देखाउने र जनताको आँखामा भ्रम छर्ने परम्परागत तरिकालाई हटाएर दिगो विकासको मोडलमा पालिका अघि बढेको उपप्रमुख दुर्गाकुमार बराललले बताउनुभयो । ‘माटो र बाटोमात्र विकास हो भन्ने परम्परागत भाष्यलाई परिवर्तनका लागि आर्थिक, सामाजिक, वातावरण र सुशासन क्षेत्रको विकासका लागि समानान्तररूपमा योजना तथा कार्यक्रम अघि बढाइएका छौँ,’ उनले भने, ‘पूर्वाधार आयोजनाको गुणस्तर सुनिश्चतताका लागि नगरपालिकामा नै पूर्वाधार परीक्षण प्रयोगशाला स्थापना गरी गुणस्तर सुनिश्चितताका साथै आन्तरिक आयको दायरा बढेको छ ।’
सूर्योदयका किसानले चियापछि धेरै दुग्ध उत्पादन गर्छन् । चियालाई स्थानीय उद्योगमा पुर्‍याउन, दुग्धलाई डेरीमा लैजान र आलु, अलैँची, अदुवा, स्कुस, साग, टमाटरजस्ता कृषि उत्पादनलाई बजार पु¥याएर बिक्री गर्न बाह्रमासे सडकले ठूलो राहत गरेको किसान बताउँछन् । भारतसँग जोडिएको मानेभञ्ज्याङ, पशुपतिनगर र फाटकसहित स्थानीय, फिक्कल, हर्कटे, आइतबारे, गोर्खेलगायत बजार यहाँका किसानको मुख्य व्यापार स्थल हो । किसान सरोज पोखरेलले भने, ‘मानेभञ्ज्याङ, पशुपतिनगर, फाटक, गोखेबाहेकका सबैजसो बजार मेची राजमार्गले छोएका छन् । त्यहाँसम्म पुग्न गाउँको भित्रि कुनाबाट एक घण्टादेखि पाँच घण्टासम्मको पैदल बाटो हिँड्नुपर्ने बाध्यता सडक संरचनाको पहुँचले हटाएको छ ।’
सडक गुरुयोजनाअनुसार सूर्योदय नगरपालिकाभित्रका सडकमा सबैभन्दा बढी दुईपाङ्ग्रे मोटरसाइकल प्रयोग हुँदै आएका छन् । नगरस्तरीय सडकमा ४५ प्रतिशत मोटरसाइकल प्रयोग हुन्छन् । त्यस्तै जिप कार २६ प्रतिशत, ट्र्याक्टर १७ प्रतिशत र ट्रक बस १२ प्रतिशत नगरपालिका भित्र गुड्ने गरेका छन् । रासस

# सदर चिडियाखानाको जनावर ‘रेस्क्यु’ टोली नेपालभर सक्रिय

**ललितपुर ।**
जङ्गली जनावर घाइते, टुहुरा वा कसैले त्यसलाई दुःख दिइरहेको छ भने तत्काल खबर दिन सदर चिडियाखानाले आग्रह गरेको छ । चिडियाखानाका प्रमुख सत्यनारायण शाहका अनुसार, यस्ता घटनाको सूचना प्राप्त हुनेबित्तिकै प्रशिक्षित रेस्क्यु टोली तत्काल घटनास्थलमा पुगी रेस्क्यु गर्छन् । ‘हामीसँग अनुभवी रेस्क्यु टिम छन्, जसले उपत्यकाभित्र मात्र होइन, नेपालभर पुगेर जनावरलाई उद्धार गर्ने गर्छन्,’ शाहले बताए । केही दिनअघि मात्र रामेछापमा दुई पटक चितुवा रेस्क्यु गरिएको पनि उनले जानकारी दिए । सूचना प्राप्त भएको केही समयमै चिडियाखाना र सम्बन्धित निकायको समन्वयमा उद्धार कार्य सम्पन्न गरिएको थियो ।
शाहका अनुसार, चिडियाखानाको केन्द्रीय टोली काठमाडौँ उपत्यकामा सक्रिय रहन्छ भने चितवन, बर्दिया, शुक्लाफाँटा र कोशी क्षेत्रमा पनि रेस्क्यु शाखाहरू सञ्चालनमा छन् । चिडियाखानाले जनावरमाथि दुव्र्यवहार, आक्रमण वा बेवास्ता नगरी तुरुन्तै सम्बन्धित निकाय वा चिडियाखानामा जानकारी गराउन आमसर्वसाधारणसँग प्रमुखले अनुरोध गरे । यसले वन्यजन्तु संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । रासस

# मानपुर डेढगाउँ सडक कालोपत्रपछि यात्रा सहज

**तनहुँ ।**
गण्डकी प्रदेशको गौरवको कोरोला त्रिवेणी सडक आयोजना अन्तर्गत तनहुँको घिरिङ गाउँपालिका–४ मानपुरदेखि बौदीकाली गाउँपालिकाको डेढगाउँसम्म सडक कालोपत्र भएपछि यात्रा सहज भएको छ । घिरिङको मानपुरदेखि डेढगाउँसम्मको ११ किलोमिटर खण्ड कालोपत्रको काम सकिएको हो । सडक कालोपत्र भएपछि यस ठाउँ भएर यात्रा गर्नेलाई सहज भएको छ । यसअघि ११ किलोमिटर कच्ची सडक पार गर्न दुई घण्टा लाग्नेमा सडक कालोपत्र भएपछि दूरी १५ मिनेटमा छोटिएको स्थानीय सूर्यबहादुर रानाभाटले बताए ।
उनले भने, ‘सडक कच्ची हुँदा धुलो र हिलोले हैरानी थियो । सडक कालोपत्र भएसँगै सहज रूपमा आवतजावत गर्न पाएका छौँ ।’ सडक कालोपत्र भएसँगै घिरिङ गाउँपालिका–४ र १ का वासिन्दालाई आवतजावत गर्न सहज भएको गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले जानकारी दिए । घिरिङ गाउँपालिका–१ को पुट्टार, अत्रौली र बैडीलगायतका स्थानबाट गाउँपालिकाको कार्यालय आउन अधिकांशले कालोपत्र सडक प्रयोग गर्ने गरेका छन् ।
उक्त सडक कालोपत्र गर्न विसं २०७६ फागुनमा ठेक्का लागेको थियो । सडक कालोपत्रका ठेक्का पाएको सपना निर्माण सेवाले खण्डमा अस्फाल्ट प्रविधिबाट कालोपत्र गरेको छ । सडकमा ट्र्याक खुलेको ३० वर्ष भयो । विसं २०५१ सालमा ट्र्याक खुलेको उक्त मार्ग कालोपत्र भएपछि स्थानीयवासी खुसी भएका छन् । खण्ड स्तरोन्नतिका लागि विसं २०७७ मङ्सिर ५ गतेदेखि काम सुरु भएको पूर्वाधार विकास कार्यालय तनहुँका प्रमुख रवीन्द्र तिवारीले जानकारी दिए । भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत् २२ करोड ८५ लाख ४१ हजार ७ सय ९३ रुपैयाँको लागतमा मार्गको स्तरोन्नतिको काम अगाडि बढेको थियो । ३५ करोड १४ लाख ७४ हजार १ सय ९ रुपैयाँ लागत अनुमान गरिएकामा हेटौँडास्थित सपना निर्माण सेवाले १२ करोड २९ लाख ३२ हजार ३ सय १६ रुपैयाँ कम रकममा सडक कालोपत्रको ठेक्का पाएको थियो ।
यो बाटो कालोपत्र भएपछि पोखरादेखि मुग्लिन हुँदै नवलपुर जाने यात्रुले तनहुँको भिमाद हुँदै नवलपुर निस्कन छोटो बाटो प्रयोग गर्न सक्नेछन् । नवलपुरतर्फ बौदीकाली झ्यालबास १४.१ किलोमिटर कालोपत्र गर्न स्तरोन्नति भइरहेको छ । दोस्रो चरणमा थप सात किलामिटर कालोपत्र गर्न बहुवर्षीय ठेक्काको प्रक्रिया अगाडि बढेको छ । झ्यालबासबाट चोरमारासम्म नौ किलोमिटर सडक निर्माण भइसकेको छ । रासस

# प्रविधिमैत्री बन्दै कामपाका विद्यालय

**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाले शैक्षिक गुणस्तरको लागि सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाउन थालेको छ ।
कामपा–२६ ले पनि लैनचौरस्थित शान्ति विद्या गृह माध्यमिक विद्यालयलाई प्रविधिमा आधारित शिक्षण सिकाइ क्रियाकलापका लागि २० वटा डिजिटल बोर्ड हस्तान्तरण गरेको छ । वडाध्यक्ष ख्यामराज तिवारीले विद्यालयका प्रधानाध्यापक शिवकुमारी बराल घिमिरेलाई वोर्ड हस्तान्तरण गरेका हुन । प्रदान गरिएका बोर्डहरू ६५ इञ्चका छन् । वडाले सार्वजनिक खरिद प्रक्रियाबाट ४३ लाख ५९ हजार ५४० रुपैया मूल्यमा सामान प्राप्त गरेको हो ।
बोर्ड हस्तान्तरण गर्दै वडाध्यक्ष तिवारीले भने, ‘पूर्वाधार, सामान तथा उपकरण र प्रविधि प्राप्त गर्नु भनेको गुणस्तरीय कार्यक्रमका जग हो सही उपयोग भएन भने नतिजा आउँदैन । यसकारण शिक्षकहरूले पनि आफूलाई समयसापेक्ष रुपान्तरण गर्दै प्रविधिमा आधारित कक्षा सञ्चालनमा दक्ष बनापर्छ । तालिम आवश्यक परे भन्नुपरो त्यसका लागि कामपा उपलब्ध गराउन तयार छ ।’
उनले विद्यालयका लागि करिब ४० लाख रुपैयाँ लागत बराबरको कम्प्युटर ल्याब बनाउने योजना सार्वजनिक खरिद प्रक्रियामा रहेको समेत जानकारी दिँदै सबै प्रक्रिया पूरा भएपछि जडान हुने बताए । वडाबाट गरिएको लगानीले विद्यालयलाई कामपाकै नमूना विद्यालयका रुपमा विकास गर्नका लागि हो । वडाध्यक्ष तिवारीले अपेक्षा राखे ।
शैक्षिक गुणस्तर विकासका लागि आउँदो १० वर्षपछिको समय पूर्वानुमान गरेर अहिलेदेखि नै कार्यक्रम कार्यान्वयनमा लैजानुपर्ने विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष भण्डारीले धारणा थियो । वडाका सचिव केदार रिमालका अनुसार स्थानीय परिवेशलाई विश्वको अवस्थासँग दाँजेर प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न कामपाका कार्यक्रममा वडाले आफ्नो लगानी जोडेको बताए । त्यस्तै कामपाले केही दिन अघिमात्रै सामुदायिक विद्यालयका कक्षाकोठामा ५० हजार घण्टा क्षमता भएको स्मार्ट बोर्ड जडान सुरू गरेको थियो । कामपाले रामशाह पथमा रहेको पद्मोदय माध्यमिक विद्यालयमा स्मार्ट बोर्ड जडान गरी उक्त कार्यको थालनी गरेको थियो ।
कामपाको गौरव योजनाअन्तर्गत ‘गरी खाने शिक्षा, महानगरको इच्छा’ कार्यक्रमअन्तर्गत सूचना प्रविधिमैत्री विद्यालय, डिजिटल शिक्षण सिकाइ कार्यक्रमका लागि चालु र क्रमागत गरेर करिब २० करोड रुपैयाँ विनियोजित रहेको कामपाको निमित्त शिक्षा अधिकारी केशव ज्ञवालीले बताए । रासस

# सबै वडामा आफ्नै भवन बनाउँदै नेपालगञ्ज उपमहानगर

**बाँके ।**
नेपालगञ्ज उपमहानगरपालिकाले सबै वडा कार्यालयको आफ्नै सुविधा सम्पन्न भवन बनाउने योजना कार्यान्वयन गरेको छ । नेपालगञ्ज उपमहानगर पालिका–९ को शुक्रबार वडा कार्यालय भवन शिलान्यास गर्दै उपमहानगर पालिका प्रमुख प्रशान्त बिष्टले आफ्नै भवन नभएका सबै वडाको व्यवस्थित कार्यालय भवन निर्माण सुरु गरेको बताए । ‘नेपालगञ्ज उपमहानगर पालिकाका केही वडा कार्यालय अझै पनि भाडाका घरबाट सेवा प्रवाह गर्नुपर्ने बाध्यता रहेको छ,’ उनले भने, ‘वडा कार्यालयले जग्गाको व्यवस्था सुनिश्चित गर्नासाथ भवन निर्माणमा उपमहानगरपालिकाले बजेट व्यवस्थापन गर्नेछ ।’ नगर प्रमुख बिष्टले आनन्दनगर टोलमा नेपालगञ्ज–९ को वडा कार्यालय भवन शिलान्यास गरे । उनले निर्धारित समयमै कार्य सम्पन्न गर्न ठेकेदार कम्पनीलाई आग्रह गर्दै आवश्यक बजेट व्यवस्थापनका लागि आफूले पहल गर्ने बताए ।
नेपालगञ्ज उपमहानगर पालिका–९ का वडाध्यक्ष गोविन्दप्रसाद रेग्मीले वडावासीलाई आफ्नै सुविधा सम्पन्न भवनबाट अझ सहज रूपमा सेवा प्रवाह गर्ने उद्देश्यका साथ वडा कार्यालयको भवन निर्माण सुरु गरिएको बताए । उनले चालु आर्थिक वर्षमा वडाको २५ लाख रुपैयाँ बजेट र बाँकी नेपालगन्ज उपमहानगरपालिकाले व्यवस्थापन गर्ने गरी निर्माणकार्य शुरु गरिएको जानकारी दिए । भवन निर्माणको लागि ४० लाख रुपैयाँमा टेण्डर आह्वान गरेकोमा ३३ लाख रुपैयाँमा ठेक्का स्वीकृत भएको उनले बताए ।
वडासचिव तेजबहादुर सिंहले वडा कार्यालय भवन निर्धारित समयमै निर्माण सम्पन्न गर्ने गरी योजनाका साथ काम सुरु गरिएको बताए । नेपालगञ्ज उपमहानगर पालिका–४, ५, ६, ७, ८,९ र ११ वडा कार्यालय अहिले पनि भाडाको घरबाट सेवा प्रवाह गर्दै आएका छन् । रासस

# पर्यटकीय स्थल तास्राधुरी जोड्न पदमार्ग निर्माण

**म्याग्दी ।**
म्याग्दीको धवलागिरी गाउँपालिका–१ गुर्जामा रहेको पर्यटकीय स्थल तास्रा धुरी जोड्ने पदमार्ग निर्माण थालिएको छ । गुर्जा आउने पर्यटकको बसाई लम्बाउन तास्रा धुरीलाई सहायक गन्तब्यको रुपमा विकास गर्नका लागि पदमार्ग निर्माण थालिएको हो । धवलागिरी गाउँपालिका–१ गुर्जाका वडा सदस्य गुनराम छन्त्यालले प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत चालू आर्थिक वर्षमा गाउँपालिकाले बिनियोजन गरेको १० लाख रुपैयाँ बजेटबाट पदमार्ग निर्माण थालिएको बताए ।
बीस जना बेरोजगार युवा युवती परिचालन गरेर करिब दुई किलोमिटर पदमार्ग निर्माण गरिएको छ । गोठला र स्थानीयबासीले घाँस, दाउरा गर्न तास्रा धुरी जान आउन प्रयोग गरेको परम्परागत बाटोलाई स्तरोन्नति गरेर पदमार्ग बनाउन लागिएको हो । माटो काट्ने र ढुङ्गाको सिढी चिनेर पदमार्ग बनाउन लागिएको उपभोक्ता समितिका अध्यक्ष तुलसी छन्त्यालले बताए ।
समुन्द्रि सतहदेखि दुई हजार ७०० मिटर उचाइमा रहेको गुर्जामा अल्पसंख्यक छन्त्याल र दलित समुदायका मात्र २ सय ५० घरपरिवारको बसोबास छ । गुर्जादेखि एक घण्टा ३० मिनेट उकालोमा पैदलयात्रा गरेपछि तास्रा धुरी पुगिन्छ ।
धवलागिरी गाउँपालिका–१ का वडा अध्यक्ष झकबहादुर छन्त्यालले समुन्द्रि सतहदेखि तीन हजार २ सय मिटर उचाइमा रहेको तास्रा धुरीबाट गुर्जा, धौलागिरि र अन्नपूर्ण हिमाललाई नजिकैबाट नियाल्न सकिने बताए । ‘छन्त्याल संस्कृति, रहनसहन र जिवनशैलीमा रमाउन गुर्जा आउने पर्यटकको बसाइ लम्बाउन हिमाल, यार्सागुम्बा पाइने बुकी पाटन र सुर्योदय अवलोकन गर्न सकिने तास्राधुरीलाई सहायक गन्तब्यको रूपमा विकास गर्न लागिएको हो,’ उनले भने, ‘पहाडको फेदीमा रहेको गुर्जाबाट डाडाले छेक्ने भएकाले हिमाल देखिँदैन । दृष्य अवलोकनका लागि पर्यटकलाई तास्रा उकाल्न सकेमा बसाइ लम्बाउन सकिन्छ ।’
गुजमुज्ज परेका परम्परागत शैलीका घर, मौलिक संस्कृति अनि सोझा, सरल र मिजासिला छन्त्यालको बस्ती भएको म्याग्दीको दुर्गम बस्ती हो गुर्जा। ‘टुप्पीदेखि माथि ठाउँ छैन, गुर्जादेखि माथि गाउँ छैन’ भन्ने उखानबाट परिचित यो छन्त्याल जातिको ठूलो बस्ती हो ।
यो छन्त्याल जीवन, सभ्यता र विचित्रका हिमाली र पहाडी धरातल, वनस्पति र सामाजिक संस्कृतिले भरिपूर्ण गुर्जा गाउँमा अझै पनि प्राचीन समाजका अवशेष भेट्न पाइन्छ। बिखला, चिराइतो, सतुवा, जटामसी, कुट्की, वनलसुनलगायतका जडीबुटी र दुर्लभ मानिएको कार्ज स्टोन (सेतो ढुङ्गो)को खानी रहेको गुर्जा गाउँको प्राकृतिक सुन्दरता, जैविक विविधता, सामाजिक मूल्यमान्यता र पर्यावरणीय शुद्धता पर्यटकका आकर्षण हुन् । गुर्जादेखि ढोरपाटन, गुर्जा, पुथा, चुरेन हिमालको आधार, डोल्पा र पूर्वी रुकुम जान सकिन्छ । रासस

# आगामी बजेटमा उद्योगी व्यवसायीको मुद्दा सम्बोधनमा ध्यानाकर्षण



**मधेशदृष्टि**
**वीरगंज ।**

बारा र पर्साको उद्योग कलकारखानाबाट राज्यले वर्षेनी करोडौँको राजस्व संकलन गर्दै आएको हुँदा यहाँकै पूर्वाधार निर्माणमा भने राज्य उदाशीन देखिएको उद्योगी तथा व्यवसायीको गुनासो छ ।

नेपाल सरकारको अर्थ मन्त्रालय र राजस्व परामर्श समितिले गरेको आगामी आर्थिक वर्ष २०८२–८३ को राजश्व नीति तथा कार्यक्रमका लागि छलफल कार्यक्रममा बोल्दै अर्थ मन्त्रालयका राजस्व सचिव दिनेश कुमार घिमिरेले उद्योगी व्यवसायीबाट प्रस्तुत भएका सुझावलाई गम्भीरतापूर्वक लिएको बताए । उनले उद्यारो कानून, पर्सा, बाराका पूर्वाधार निर्माण, कर, भन्सार र राजश्वमा विद्यमान नीतिगत अस्पष्टता, भन्सार दरबन्दी र मूल्याङ्कन, अग्रिम आयकरद्बारा सिर्जना गरेको समस्या, करका दरलगायत पर्यटन, प्रवद्र्धनका लागि आगामी बजेटमार्फत सम्बोधन गरिनु पर्ने निजी क्षेत्रका सुझावहाई प्राथमिकताका साथ लिएको बताए ।

राजस्व सचिव घिमिरेले नेपाल सरकार निजी क्षेत्रको भूमिकालाई अझै विस्तार गर्दै उद्योग व्यापार र सेवा क्षेत्रको विकासमार्फत देशको समुन्नतिका लागि अग्रसर भएको धारणासमेत राखे । कार्यक्रममा उद्योगी व्यवसायीले लिखितरुपमै बुझाएको सुझाव अध्ययन गरी र सम्बोधनका लागि पहल गरिने राजस्व सचिव घिमिरेले प्रतिवद्धता जनाए ।

वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले आगामी आर्थिक वर्षको राजस्व नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषयबारे बताए । उनले देशको अर्थतन्त्र उद्योगी व्यवसायीले गतिशील बनाइरहेको भन्दै सरकारले निजीक्षेत्रको सुझावलाई प्राथमिकताका साथ लिनुपर्नेमा जोड दिए । अध्यक्ष गौतमले राजस्व सङ्कलनमा कमी, पूँजीगत खर्च लक्ष्यअनुरुप नभइरहेको अवस्था, व्यापार घाटा, सरकारी खर्चमा बेथिति, लगानीको वातावरणको अभावलगायतका विषय वर्तमान अर्थतन्त्र चुनौतीका रुपमा रहेको बताउँदै अगामी बजेटले यी समस्याको सम्बोधन गर्नु पर्नेमा जोड दिए । उनले अगामी बजेटले समेट्नु पर्ने नीतिगत विषयका बारे दफावाररुपमा प्रस्तुत गरेका थिए ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य डा.सुबोध कुमार गुप्ताले निजीक्षेत्र मात्रै होइन, अहिले देशका हरेक क्षेत्रमा निरासा छाएको भन्दै त्यसमाथि उद्योगी व्यवसायी नै निरास भए देशको अवस्था अझै बिकराल हुनेमा पनि चिन्ताजनक अवस्था रहेको बताए । चिन्ताजनक अवस्थालाई अन्त्य गर्दै निजी क्षेत्रको मनोबल बढाउन नीति तथा कार्यक्रम र बजेट उद्योगमैत्री हुनुपर्ने कुरामा जोड दिए ।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष तथा मधेश प्रदेशका पूर्वखानेपानीमन्त्री ओमप्रकाश शर्मा, मधेश प्रदेश उद्योग वाणिज्य संघका अध्यक्ष अशोक टेमानी, जीतपुर सिमरा नगर उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्मा, वीरगंज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष माधव राजपाल, तृतीय उपाध्यक्ष आशीष लाठ, महासचिव शिवजी प्रसाद कलवारलगायतकाले मुलुकको अर्थतन्त्र चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको भन्दै बढ्दो बेरोजगारी, भएका उद्योगधन्दा बन्द हुनुपर्ने, कर्मचारी कटौती गर्नुपर्ने र महिनौँदेखि धेरै कर्मचारीले पारिश्रमिक नपाउनुपर्ने संकटको सामना उद्योगले गरिरहेका विषय उठाएका थिए ।

# 'रोजगारीमा ठगिएका युवाले कहिले पैसा फिर्ता पाउलान् ?'



**मधेशदृष्टि**
**काठमाडौँ ।**

आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले वैदेशिक रोजगारमा ठगिएका युवाले आफ्नो पैसा कहिले फिर्ता पाउने भन्दै सरकारसँग जवाफ मागेका छन् । आजपा केन्द्रीय कार्यालय काठमाडौँ, कोटेश्वरमा शनिबार आयोजित कार्यक्रममा अध्यक्ष साहले वैदेशिक रोजगारीका ठग र लुटेरा सरकारकै मिलेमतोमा लुटआतंक मच्चाइरहेको बताए ।

प्रधानमन्त्री केपी ओलीसँग प्रश्न गर्दै उनले भने, 'तपाईंहरुले सुशासन खोजेको हो भने कारबाही किन नगरेको ? म्यानपावरले प्रतिव्यक्ति १० हजार रुपैयाँ भन्दा बढी सेवा शुल्क लिन नपाउने कानूनी व्यवस्था छ । तर लाखौँ असुली भइरहेको छ । के यो कुरा दुई तिहाई बहुमतको शक्तिशाली सरकारलाई थाहा छैन् ?'

अहिले नेपाली कांग्रेस र नेकपा (एमाले)को झण्डै दुई तिहाई बहुमतको शक्तिशाली सरकार भएको बताउँदै उनले भने, 'अहिले दुई तिहाई बहुमतको शक्तिशाली सरकार छ । म प्रधानमन्त्री केपी शर्मा ओलीजीलाई सोध्न चाहन्छु । वैदेशिक रोजगारीमा ठगिएका युवाले कहिले पैसा फिर्ता पाउँछन् ?'

जनताको समस्या, चाहना, आवश्यक्ता पूरा गर्न असफल भएको सरकार कसरी हुन्छ लुटधन्दामा लागेको टिप्पणी उनले गरे । 'वैदेशिक रोजगारीमा भइरहेको कानूनविपरीतको लाखौँ असुली दुई तिहाईको सरकारलाई थाहा छ कि छैन ? यो कुरा थाहा नहुने कुरै हुँदैन । सबै मिलेर लुटेका छन् । म्यानपावरदेखि दलालहरुले सरकारकै संरक्षणमा लुटने र बाँडेर खाने धन्दा चलेको छ,' आजपा अध्यक्ष साहले भने ।

दुई तिहाई बहुमतको शक्तिशाली सरकारले देशमै युवालाई रोजगार दिन असफल भएको उनले बताए । स्वदेशमा रोजगार नपाएर युवा ऋण निकालेर भए पनि रोजगारीका लागि विदेश जान बाध्य भएको बताए । 'स्वदेशमा रोजगारी नपाएर ऋण लिएर रोजगारीका लागि विदेश जाने युवासँग मनोमानी असुली भइरहेको छ । असुली भएको पैसा नेताजीहरुको घर–घरमा पुगिरहेको छ, त्यही भएर सरकार मौन छ । होइन, भने ती लुटेरालाई कारबाही गर्न किन रोकिएको छ ?,' आजपा अध्यक्ष साहले प्रश्न गरे ।

भगौडा दलाल बर्गको नेतृत्व गरेका प्रधानमन्त्री ओलीका कारण व्यापार व्यवसाय धरासायी हुँदै गइरहेको बताउँदै उनले वर्तमान सरकारलाई श्रमजीवी वर्गको बारेमा सोच्ने, बोल्ने, काम गर्ने समय नै नभएको टिप्पणी गरे । म्यानपावर व्यावसायीले गैरकानूनी रूपमा विदेश जाने युवासँग रकम लिइरहेको तर सरकार मूकदर्शक बनेको उनले बताए । वैदेशिक रोजगारीमा जाने युवामाथि चरम अत्याचार भइराखेको उनले बताए । वैदेशिक रोजगारका ठगहरुलाई सरकारले संरक्षण गरिरहेको उनले बताए ।

सरकार गम्भीर नभएका कारण वैदेशिक रोजगारीमा जाने युवा ठगिन बाध्य भइराखेको उनको टिप्पणी छ । उनी भन्छन्, 'सरकारले न्याय दिलाउँछ कि दिलाउँदैन ? यहाँ जो रक्षक उही भक्षक जस्तो भयो ।'

# मोदीको ¥यालीमा पाँच सहभागी हुने अपेक्षा

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी अप्रिल २४ मा सीमावर्ती जिल्ला मधुबनीको विदेश्वरमा आउँदैछन् । यसको तयारीका लागि भाजपासँग एनडिएका अन्य घटकसँग मिलेर तयारी शुरु भएको छ । भाजपा बिहार प्रदेश अध्यक्ष दिलीपकुमार जयसवालले पनि मधुबनीमा मधुबनी, झंझारपुर जिल्ला अध्यक्ष र अन्य नेताहरूसँग तयारीका लागि बैठक गरेका छन् । कलुआही ब्लाकका भाजपा अध्यक्ष शशि कुमार साहले मोदीको ¥यालीमा पाँच लाख भन्दा बढी मानिस उपस्थित हुने पत्रकारहरुलाई बताए । कलुआही ब्लाकबाट २० हजारको लक्ष्य राखिएको छ । विन्देश्वर स्थान यस्तो ठाउँ हो, जहाँ मधुबनी, दरभंगा, सुपौलका भाजपा नेता र कार्यकर्तालाई आउन सजिलो हुनेछ । नोभेम्बरमा बिहारमा चुनाव छ । यस्तो समयमा राजनीतिक वृत्तमा मोदीको मिथिला आगमनबारे छलफल भइरहेको छ । मोदीको आगमनपछि मिथिलाको विकासका लागि ठूलो रकमको घोषणा हुने अपेक्षा पनि गरिएको छ ।

जिल्ला प्रशासनले मधुबनीका डिएम अरविंद कुमार वर्माले प्रधानमन्त्रीको आगमनका लागि कडा सुरक्षा व्यवस्थामा जुटेको बताए । वर्मा आफैँले अनुगमन गरिरहेका छन् । मोदी आइपुग्नुभन्दा एक दिनअघि नेपाल सीमामा पनि कडा निगरानी गरिनेछ ।

नेपाल भारत सुरक्षा बैठक

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी वैशाख १२ गते मधुवनी जिल्लाको भ्रमणमा आउने कार्यक्रम तय भएपछि भारत–नेपाल सीमावर्ती क्षेत्रमा सुरक्षा सतर्कता कडा पारिएको छ । यही सन्दर्भमा नेपाल र भारतका सुरक्षा अधिकारीबीच जयनगरमा उच्चस्तरीय सीमा सुरक्षा समन्वय बैठक भएको छ ।






बैठकमा नेपालतर्फबाट धनुषा, महोत्तरी, सिरहा र सप्तरीका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुखm सशस्त्र प्रहरी बलका प्रमुख तथा राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधि सहभागी थिए । भारततर्फबाट मधुवनी जिल्ला प्रशासनका शीर्ष सुरक्षा अधिकारी, प्रहरी र अर्धसैनिक बलका प्रतिनिधि सहभागी थिए ।

भारतीय प्रधानमन्त्रीको आगमनले सीमावर्ती क्षेत्रलाई संवेदनशील बनाउने भएकाले दुवै देशका सुरक्षा संयन्त्रबीच पूर्वतयारी, समन्वय र जानकारी आदानप्रदानलाई अझ मजबुत बनाउने सहमति भएको छ ।

भारतीय पक्षले मोदीको भ्रमण शान्तिपूर्ण, व्यवस्थित र सुरक्षित बनाउने प्राथमिकतासहित सीमाबाट हुने गैरकानूनी आवतजावत, अपराधिक गतिविधि र अवाञ्छित तत्वको निगरानी तीव्र गर्न आग्रह गरेका थिए ।

बैठकमा सीमावर्ती क्षेत्रमा सुरक्षा गस्ती बढाउने, विशेष गरी सशस्त्र प्रहरी र सीमा सुरक्षा बलको संयुक्त गस्ती व्यवस्था सुदृढ गर्ने, सीमा नाका र भन्सार क्षेत्रमा सवारी साधन तथा व्यक्तिको निगरानी प्रणाली कडा बनाउने, गैरकानुनी हतियार, लागुपदार्थ तथा मानव तस्करी नियन्त्रणमा संयुक्त अपरेसन तथा सूचना आदान–प्रदान गर्ने, भ्रमण अवधिभर सीमामा विशेष सतर्कता अपनाउने, शंकास्पद गतिविधिमा संलग्न व्यक्तिको निगरानी, स्थानीय प्रशासन, प्रहरी र सुरक्षाकर्मीबीच हरेक १२ घण्टामा अन्तरसमन्वय बैठक तथा जानकारी आदान–प्रदान गर्ने, सामान्य नागरिकलाई सहजरूपमा आवागमन गर्न दिने तर सुरक्षा मापदण्ड पालना गराउन प्रष्ट निर्देशन दिने र सम्भावित अप्रिय घटना रोक्न दुवै देशका सुरक्षा निकायले '¬यापिड रिस्पोन्स टिम' तयार राख्नेलगायतका ७ बुँदामा सहमति भएको छ ।

# वडाध्यक्षको मुद्दामा दाबी नपुगेको भन्दै खारेज

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज महानरपालिका वडा नम्बर २५ का वडाध्यक्ष आशुतोष चतुर्वेदीमाथि प्रहरीसहितको समूहले आफूमाथि कुटपिट गरेको भन्दै पर्सा अदालतमा दायर गरेको मुद्दा खारेज भएको छ । मुद्दामा दाबी नपुग्ने भन्दै चुतर्वेलीको मुद्दा अदालतले खारेज गरेको हो । चतुर्वेदीले प्रहरी समेतको समूहले आक्रमण गरेको भन्दै न्याय माग्न प्रहरी कार्यालय पुगेको र प्रहरीले उजुरी लिन नमानेको बताएका थिए । २०८१ फागुन २९ गते राति सवा ९ बजेतिर वीरगंज महानगरपालिका वडा नम्बर ८ स्थित डाइमण्ड पार्टी प्यालेसमा वडाध्यक्ष चतुर्वेदी आक्रमणमा परेका थिए ।

चतुर्वेदीले नेपाल प्रहरीका वरिष्ठ सई सागर शमशेर राणा, प्रहरी जवान दिपेश क्षेत्री, वीरगंज वडा नम्बर १० कै वडाध्यक्ष सुशील साह कानु, वीरगंज वडा नम्बर ११ का भुषण यादव, वीरगंज वडा नम्बर ३२ का भुसाल चौरसिया, वीरगंज वडा नम्बर ६ का ३७ वर्षीय विक्की गुप्ता, वीरगंज वडा नम्बर १० का लखनलाल गुप्तासहितले आक्रमण गरेको भन्दै पर्सा अदालतमा दायर गरेको मुद्दा खारेजसँगै पक्राउ परेका एकजनासमेत छुटेका छन् । मुद्दामा सबैले सफाइ पाएका छन् ।

# अब वीरगंज डुब्दैनः सिंह

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज महानगरपालिकाले मुख्य नाला सफाइलाई तिब्रता दिएको छ । वर्षाको समय नजिकिएको र बजार डुबान हुनबाट बचाउन मुख्य नाला सफाइ अनिवार्य रहेकाले हुलाक कार्यालयदेखि भन्सार क्षेत्रसम्मको मुख्य नाला सफाइ धमाधम भइरहेको हो । छपकैयास्थित पानी प्रशोधन केन्द्रदेखि उत्तरतर्फ सफाइको काम सकेर दक्षिणतर्फ भन्सारसम्म सफाइको काम चलिरहेको छ ।



महानगर प्रमुख राजेशमान सिंहले वर्षाको समयमा डुबानको समस्या हुन नदिन अहिलेबाटै तयारी स्वरुप मुख्य नाला सफाई गरिएको बताए । मुख्य नाला सफाइसँगै सहायक नाला सफाइसमेत भइरहेको उनले बताए । महानगरका तीनवटा स्काभेटर र थप अर्को चेन स्काभेटरको माध्यमबाट नाला सफाइको काम तीव्र पारिएको पनि उने बताए ।

स्काभेटरले सफाइ गर्नसक्ने ठाउँमा स्काभेटर र स्काभेटरले गर्न नसक्ने ठाउँमा मान्छे नै लगाएर सफाई गरिरहेको उनको भनाइ छ । नाला सफाइ कार्यको अवलोकन गर्दै महानगर प्रमुख सिंहले नाला सफाइको काम सकिएपछि वीरगंज नडुब्ने बताए । 'नालाको आधा भन्दा बढी भाग माटोले पुरिँदा पानी सहज रुपमा बग्न सकेको थिएन,' महानगर प्रमुख सिंहले भने, 'शहरको करिब ८० प्रतिशत पानी बग्ने मुख्य नाला सफाइ भए मात्रै वीरगंज डुबानबाट बँच्ने भएकाले यसको सफाइ प्रमुख प्राथमिकतामा राखेर गरिरहेका हौँ ।' विगतदेखि नै सफाइ गरिएकाले गएको दुई वर्षदेखि वीरगंज डुबानमुक्त पारिएको बताउँदै उनले अहिले पनि मुख्य नालाको शुरुदेखि अन्तिम बिन्दुसम्मै सफाइको काम चलिरहेको बताए ।

महानगर प्रमुख सिंहले नालामा जथाभावी फोहर नफाल्न पनि नगरबासीलाई आग्रह गरे । 'सरसफाइमा नागरिक सहभागिता जरुरी छ, महानगरपालिकाले एक्लै गरेर मात्र हुँदैन,' उनले भने, 'नागरिक सहभागिता जरुरी छ, नागरिकमा चेतना र जागरण आवश्यक छ, हामीले जनचेतना फैलाउने काम पनि गर्छौँ, पटकपटक अटेर गरिए कारबाही पनि गर्छौं ।' मुख्य नाला सफाइ गर्न अहिले चार वटा स्काभेटर र २५ जना सफाइकर्मी दैनिक खटिरहेको महानगरपालिकाका हरियाली तथा सरसफाइ संयोजक जयप्रकाश खेतानले जानकारी दिए । मुख्य नालाको निरन्तर सफाइले विगत दुई वर्षदेखि वीरगंज बजार क्षेत्र डुबान मुक्त बनेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन